सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

आदेश

०७८-CI-०७०३

विषयः क्षतिपूर्ति ।

| | |
|---|---|
| रसुवा जिल्ला साविक लहरेपौवा गाउँ विकास समिति वडा नं. ४ भई हाल उत्तरगया गाउँपालिका वडा नं. ४ घर भई हाल भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नं.४ हर्षचोक नयाँ ठिमि बस्ने ध्रुवकुमार विश्वकर्मा----१ | पुनरावेदक<br>वादी |

बिरुद्ध

| | |
|---|---|
| कान्ति बाल अस्पताल महाराजगञ्ज, काठमाडौं -------------------------१ | प्रत्यर्थी<br>प्रतिवादी |

**सुरु तहमा फैसला गर्नेः** प्रमुख जिल्ला अधिकारी श्री केदारनाथ शर्मासमेत ५जना
जिल्ला प्रशासन कार्यालय क्षतिपूर्ति समिति, काठमाडौं

**फैसला मितिः** २०७४।९।६

**पुनरावेदन तहमा फैसला गर्नेः** माननीय न्यायाधीश श्री कृष्णलाल भट्टराई
माननीय न्यायाधीश श्री नातिबाबु लामिछाने
उच्च अदालत पाटन

**फैसला मितिः** २०७६।२।१०।६

न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१)(क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई हेरी पाउँ भनी पर्न आएको निवेदनउपर मुद्दा दोहोऱ्याउने अनुमति प्रदान भई पुनरावेदन सरह दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

तथ्य खण्ड

१. मेरो छोरा ८ महिनाको आलोक बराललाई घाँटीमा समस्या भएकोले मिति २०७३।३।२२ गते कान्ति बाल अस्पतालमा आकस्मिक कक्षमा उपचारको लागि

लगेको थिएँ। चिकित्सकको सल्लाहअनुसार बाफ लिएर लैजानु भनी अवलोकन कक्षमा पठाउनु भयो। बाफ लिएपश्चात सामान्य भएको बच्चालाई डिस्चार्ज नगरी क्यानल लगाईदिनु भयो। डाक्टरको सल्लाहबमोजिम मैले Hydrocortisone Injection-85 mg दुई पटक लगाउँदासम्म बच्चाको अवस्था सामान्य थियो। रातको ११:३० बजे नर्स आफैंले इन्जेक्सन लिएर आउनु भयो र जवरजस्ती बच्चालाई लगाई दिनु भयो। त्यसपछि बच्चालाई दिशा पिसाब चुहिएर गाह्रो भयो। ४० मिनेटसम्म पम्प र सि.पि.आर. दिएर मुटुको धड्कन ७७ प्रतिशत देखाई बच्चालाई राति २:०० बजे अन्तर्राष्ट्रिय बाल मैत्री अस्पताल रिफर गरियो। अठार महिनापश्चात बच्चाको खुट्टा नचल्ने, कान नसुन्ने, आँखाको नसा सुकेर आँखा नदेखिने समस्या देखियो। बच्चाको तौल घट्दै गएको अवस्था छ। किन यस्तो भएको भनेर बुझ्दा तेश्रो पटक लगाएको इन्जेक्सनको बोतल हेर्दा उक्त औषधी (Montaz IV) मेनेन्जाइटिस मलेरियाको रहेछ। उक्त औषधी सँगैको बेडको १० वर्षिय बालक शम्भु वि.क.लाई लगाउन ल्याएको रहेछ। उक्त विषय तत्काल उठाउँदा मलाई अस्पताल प्रशासनले धाक धम्की दिएको हुँदा बच्चाको उपचार गर्नु मेरो पहिलो दायित्व भएकोले मैले बच्चाको उपचारलाई प्राथमिकता दिएँ। त्यसपछि मेरो बच्चाको २८ दिन भेन्टीलेटरमा उपचार भयो। मिति २०७३।५।२४ गते मैले उपचारको छानविनको लागि निवेदन दिएको थिएँ। उक्त छानविनको निवेदनउपर कारवाही गरिएको छैन। पाटन अस्पतालमा मिति २०७४।१।५ गते उपचार गराउने क्रममा मेरो बच्चाको सुधार हुन नसक्ने गरी अपाङ्गता भएको जानकारी पाए। तसर्थ, मेरो छोरा आलोक बरालको उपचारमा duty of care को उल्लंघन भई चिकित्सकीय लापरवाही गरेकोले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ बमोजिम हरहिसाब गरी एकमुष्ट रु.५४,६३,७५३।- (चौवन्नलाख त्रिसट्ठीहजार सातसय त्रिपन्न रुपैयाँ) र भरिभराउ हुँदासम्मको १० प्रतिशतले हुन आउने ब्याजसमेत भराई पाउँ भन्ने व्यहोराको ध्रुवकुमार विश्वकर्माको उजूरी निवेदन।

२. सात दिनभित्र लिखित जवाफ पेश गर्न भनी विपक्षी कान्ति बाल अस्पताल, महाराजगञ्जको नाममा च.नं.४२२८ को मिति २०७४।२।१० मा जारी गरिएको म्याद मिति २०७४।३।१ गते कान्ति बाल अस्पताल, महाराजगञ्जमा तामेल भई ६७७ नं. मा दर्ता गरिएको देखिन्छ।

३. कान्ति बाल अस्पताल निःस्वार्थ भावले स्वास्थ्य सेवा प्रदान गर्ने बालबालिकाको उपचार तथा राष्ट्रिय सेवामा समर्पित संस्था हो। निवेदकको छोरा आलोक बराललाई अन्य मिति २०७३।३।२२ गते यस अस्पतालको आकस्मिक कक्षमा उपचार गरिएको तथ्य निर्विवाद छ। बिरामीको श्वास प्रश्वासमा समस्या आई स्वास्थ्य स्थिति बिग्रिंदै गएकाले सि.पी.आर. गर्नु परेको हो। उपचारमा संलग्न चिकित्सकले प्रिस्काइब गरेको औषधी मात्र प्रयोग गरेको तथा इमरजेन्सीमा समेत डाक्टरको निर्देशन बिना नर्सले औषधी दिन नसक्ने भएकोले नर्सको लापरवाहीले आलोक बरालको स्वास्थ्य स्थिति बिग्रिएको होइन। नर्सले अर्का बिरामी शम्भु वि.क.लाई लगाउनु पर्ने Montaz IV injection (मोन्टाज इन्जेक्स) दिएको भन्ने तथ्य आधारहीन छ। बिरामीको रेकर्डबाट मोन्टाज इन्जेक्सन नदिइएको तथ्य निर्विवाद छ। गलत औषधी प्रयोग भएकोमा तत्काल कानूनी उपचार नखोजी उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिमको म्याद गुजारी क्षतिपूर्ति दावी उठान गरेको प्रस्तुत निवेदन गलत नियतबाट प्रेरित छ। बिरामीको अशक्तताको कारण ओभरडोज वा गलत इन्जेक्सनको प्रयोग नभई Sepsis With Neuroretinitis With Cerebral Oedema with respiratory Failure with pneumonia with renal calculi with UTI लगायतको जटिलता हो। अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालको बिरामीको अभिलेखबाट Perinatal insult to brain Parenchyma with Leucomalacia (chronic Morbidity) व्यहोराको तथ्य उल्लेख भएकोबाट बिरामी पहिलेदेखि नै मस्तिष्क अपाङ्गताबाट ग्रसित भएको देखिन्छ। अस्पतालमा गठित छानविन समितिले चिकित्सक तथा नर्सको लापरवाही नभएको व्यहोराको प्रतिवेदन पेश गरेको छ। तसर्थ प्रस्तुत झुठ्ठा व्यहोराको क्षतिपूर्ति दावी खारेज गरी पाउँ भन्ने व्यहोराको मिति २०७४।३।७ गतेको कान्ति बाल अस्पतालको लिखित जवाफ।

४. After reviewing all these, I came to the conclusion that the child's condition later is due to the long term consequences of the disease Periventricular Leukomalacia. The anoxic brain injury that the child suffered while in emergency department of Kanti Children Hospital might be the cause but it could not be said that it is due to the side effect of medication injection montaz give as Said by child's Father though there is no documentation भन्ने व्यहोराको मिति २०७४।६।३१ को जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौंका डा.आयुष्मा रेग्मीको चिकित्सकीय राय।

५. विश्व व्यापार संगठन (GATS) को सेवाको वर्गिकरणमा स्वास्थ्य सेवा पनि समावेश भएको देखिन्छ। व्यक्तिले वस्तुको मात्र उपभोग गर्ने नभई सेवाको समेत उपभोग गर्ने

तथ्य विवादरहित छ। प्रस्तुत विवादमा उपभोक्ता संरक्षण ऐन, २०५४ आकर्षित हुने नै देखिन आयो। निवेदक ध्रुवकुमार विश्वकर्माले पाटन अस्पतालमा मिति २०७४।१।५ मा उपचार गराउने क्रममा मेरो बच्चाको सुधार हुन नसक्ने व्यहोरा जानकारी पाएको २४ दिनमा उजुरी गर्न जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंमा उपस्थित हुनु भएको देखिन्छ। ८ महिनाको बच्चाको उपचारमा ध्यान दिनैपर्ने दायित्व बोकेका ध्रुवकुमार विश्वकर्माले तत्काल उपचारमा ध्यान दिई उपचारमा लापरवाही भई सुधार हुन नसक्ने निश्चय भएपछि उजुरीको प्रक्रियामा जानु व्यवहारिकै देखिएले प्रस्तुत निवेदन हदम्यादभित्रै परेको देखिन आयो। आलोक बराललाई कान्ति बाल अस्पतालमा प्रभावकारी उपचार गरिएको नदेखिनुका साथै रिफर डक्युमेन्टलगायतको कागज स्पष्ट नखुलेको समेतबाट बिरामी आलोक बरालको उपचारमा कान्ति बाल अस्पतालको तर्फबाट पर्याप्त सावधानीसाथ उपचार गरेको नदेखिँदा चिकित्सकीय असावधानी भएको पुष्टि हुन आएकोले निवेदक ध्रुवकुमार विश्वकर्मालाई क्षतिपूर्तिस्वरुप कान्ति बाल अस्पतालको तर्फबाट एकमुष्ट रु.१५,००,०००।- भराई दिने ठहर गरी जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंबाट मिति २०७४।९।०६ मा भएको निर्णय।

६. कसैलाई कुनै क्षति भएमा निजलाई भएको हानि नोक्सानीको आधारमा आर्थिक क्षति र विशेष क्षतिअनुसार क्षतिपूर्ति भराउनु पर्ने भनी कानूनमा उल्लेख गरेको पाइन्छ। विशेष क्षति भन्नाले शरिरमा पुगेको क्षति (Physical loss) तथा मानसिक पीडा र यातना भोग्नु परेबापतको क्षति (Loss for mental agony) क्षतिलगायतका क्षति हो भने आर्थिक क्षतिभित्र औषधोपचार गर्दा पुगेको आर्थिक क्षति (Economic loss) जिविकोपार्जनको आधारमा पुगेको क्षति (Loss of earnings) लगायतका क्षतिहरु पर्दछन। चिकित्सकीय कर्तव्यरुपमा रहेको duty of care को गम्भीर उल्लंघन भई मलाई भएको हानि नोक्सानीका लागि जिल्ला क्षतिपूर्ति समितिले मलाई विपक्षीबाट बिना ब्याज रु.१५,००,०००।- (पन्ध्रलाख) क्षतिपूर्ति भराउने निर्णय गर्दा के कति कारणले मलाई पन्ध्रलाख क्षतिपूर्ति भराउन मनासिब छ ? सो कुरा समितिको निर्णयमा उल्लेख गरेको छैन। उक्त निर्णयमा मलाई भएको के कुन हानि नोक्सानीको अभावमा बिना ब्याज मेरो मागभन्दा ज्यादै कम अप्रर्याप्त क्षतिपूर्ति भराउने आदेश भएको हो? सोसमेत उल्लेख नगरी भएको निर्णय प्रतिपादित न्यायिक सिद्धान्तसमेतको प्रतिकूल भएकोले उक्त निर्णय आंशिक उल्टि गरी मैले माग गरेको एकमुष्ट रु.५४,६३,७५३।- एवं भरिभराउ

हुँदासम्मको १० प्रतिशत ब्याजको दरले हुन आउने रकमसमेत भरिभराउ गरी हक इन्साफ पाउँ भन्नेसमेत व्यहोराको ध्रुवकुमार विश्वकर्माको पुनरावेदन।

७. जिल्ला क्षतिपूर्ति समितिबाट मिति २०७४।९।६ मा भएको निर्णय प्रमाण ऐन, २०३१ को दफा २५, २६, ५४, उपभोक्ता ऐन, २०५४ को दफा २२, २४ तथा उपभोक्ता नियमावली, २०५६ को नियम ४१ र ४५ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १६ बमोजिम पारदर्शिता नअपनाईएको, ऐ.को दफा १७ बमोजिम निर्णय गर्दा स्पष्ट आधार कारणसमेत नखुलाई निर्णय भएको तथा मुलुकी ऐन, अ.बं. १९४क. र १९५ समेतको विपरीत लापरवाहीयुक्त कार्य भए नभएको टुङ्गोमा नै नपुगी हचुवाको भरमा सुरु निर्णय हुनुका अतिरिक्त सर्वोच्च अदालतबाट वादी ए.सि. गार्मेन्ट प्रतिवादी नमस्ते ट्राभल्स प्रा.लि.का अध्यक्ष महेन्द्रमान श्रेष्ठ भएको मुद्दा (ने.का.प.२०६९ अंक १ नि.नं.८७४४ पृष्ठ १) मा हदम्याद सम्बन्धमा व्याख्या गर्दै "हदम्यादको विषय मुद्दाको कुनै पक्षले आफ्नो इच्छा अनुकूल संकुचित वा विस्तार गर्ने विषय नभई यो विशुद्ध विधायिकी कानूनद्वारा निर्दिष्ट कानूनी हक भएकोले यस्तो हकलाई कुनै पक्षको अनुकूल वा प्रतिकूल हुने गरी व्याख्या गर्न नमिल्ने" भनी आफ्नो सुविधा र अनुकूलता अनुसार कुनै अमूक मितिमा सम्बन्धित लिखतको नक्कल सारी थाहा पाएको भन्ने देखाई जग्गा पजनीको १७ नं. को हदम्याद समाई जहिले सुकै पनि दर्ता बदरको दावी लिन नपाइने। अदालतले आफू समक्ष पेश भएको विवादको विषयवस्तुको निरोपण गर्नु भन्दा अगाडि सो विवाद कानूनद्वारा निर्धारित समय सीमा वा हदम्यादभित्र आफू समक्ष प्रस्तुत गरिएको छ, छैन ? भन्ने प्राथमिक प्रश्नको निपरोपण गर्नु पर्ने भनी (ने.का.प.२०६९ अंक ९ नि.नं. ८८८४ पृष्ठ १२२४) भनी प्रतिपादित सिद्धान्तसमेत विपरीत हुने गरी भए गरिएको सुरु जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंबाट मिति २०७४।९।६ मा भएको निर्णय बदर गरी विपक्षी निवेदकको उजुरी दावीबाट अलग फुर्सद गरी पाउँ भन्नेसमेत काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.३ महाराजगञ्जस्थित कान्ति बाल अस्पतालको तर्फबाट मंगलसुन्दर सिल्पकारको पुनरावेदन।

८. जिल्ला क्षतिपूर्ति समितिले कम क्षतिपूर्ति दिलाएको भनी वादी ध्रुवकुमार विश्वकर्माको तर्फबाट तथा बिना आधार र कारण क्षतिपूर्ति अंक कायम गरेको भनी प्रतिवादी कान्ति बाल अस्पतालको तर्फबाट पुनरावेदन परेको देखिंदा मुलुकी ऐन, अ.बं.२०२ नं. को

प्रयोजनार्थ दुवैतर्फको पुनरावेदन परस्पर एक अर्कालाई सुनाई नियमानुसार पेश गर्नू भन्ने उच्च अदालत पाटनबाट मिति २०७५।४।२७ मा भएको आदेश।

९. चिकित्सकको सल्लाहबमोजिम उपचारको क्रममा Hydrocortisone Injection-85 mg लिई राखेको ८ महिनाको नाबालकलाई भुलवस Montaz IV ईन्जेक्सन लगाइएको अवस्थामा उक्त नाबालकको शरिरमा के कस्ता लक्षणहरु देखिई निजको स्वास्थ्यमा के कस्ता दीर्घकालीन असर पर्न सक्दछन्? सो सम्बन्धमा त्रि.वि. शिक्षण अस्पताल, महाराजगंजबाट तीन सदस्यीय चिकित्सक रहेको विशेषज्ञ समूहबाट राय लिने। Paropakar Maternity and Women's Hospital Thapathali, Kathmandu मा मिति २०७२।७।१८ मा कल्पना बराल अस्पताल भर्ना भएको भन्ने देखिंदा निजको स्वास्थ्य परीक्षणसँग सम्बन्धित तथा बच्चा जन्म भई सोसँग सम्बन्धित अस्पतालको रेकर्ड र कागजातको प्रमाणित प्रतिलिपि झिकाई मिति २०७३।३।२२ मा कान्ति बाल अस्पताल महाराजगञ्जमा यी पुनरावेदकको बच्चाको उपचार भएको भन्ने उल्लेख भएको हुँदा उपचारको क्रममा तयार भएका सम्पूर्ण रेकर्ड र कागजातको प्रमाणित प्रतिलिपि उक्त अस्पतालबाट झिकाई नियमानुसार पेश गर्नू भन्ने उच्च अदालत पाटनबाट मिति २०७५।९।२ मा भएको आदेश।

१०. यी नाबालक आलोक बराललाई कान्ति बाल अस्पतालमा प्रभावकारी उपचार गरिएको भन्ने वस्तुनिष्ठ ठोस प्रमाण कागजबाट नदेखिनुका साथै निज अस्पतालले रिफर डक्युमेन्ट लगायतको कागजमा आवश्यक र स्पष्ट विवरण खुलाई नदिएको समेत कारणबाट बिरामी आलोक बरालको उपचारमा अस्पतालको तर्फबाट पर्याप्त सावधानी अपनाई उपचार गरेको जिकिर लिनुको साथै क्षतिपूर्ति समितिका सदस्य डा. श्री आयुष्मा रेग्मीले सोही कुरालाई हृदयंगम गरी पीडितलाई क्षतिपूर्ति दिनु नपर्ने भनी क्षतिपूर्ति समितिको निर्णय दिए तापनि सो कुरा मिसिल संलग्न अन्य प्रमाणबाट पुष्टि गर्न सकेको देखिंदैन। चिकित्सकको फरक धारणा कुनै प्रमाणबाट प्रमाणित हुन सकेको नदेखिंदा चिकित्सकीय असावधानीको कारणले बच्चाको स्वास्थ्यमा असर परेको पुष्टि हुन आएको देखिएकोले निवेदक ध्रुवकुमार विश्वकर्मालाई क्षतिपूर्तिस्वरुप कान्ति बाल अस्पतालको तर्फबाट एकमुष्ट रु.१५,००,०००।- भराई दिने ठहऱ्याई सुरु जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंबाट भएको निर्णय न्यायको रोहमा मिलेको देखिन आयो। पुनरावेदक ध्रुवकुमार विश्वकर्माको पुनरावेदन जिकिर र विपक्षी पुनरावेदक कान्ति बाल

अस्पतालको पुनरावेदन जिकिर तथा विद्वान् कानून व्यवसायी एवं सरकारी वकीलको बहस जिकिरसँग सहमत हुन सकिएन भनी उच्च अदालत पाटनबाट मिति २०७६।२।१० मा भएको फैसला।

११. मेरो ८ महिनाको छोरा आलोक बराललाई घाटिमा समस्या भएकाले मिति २०७३।३।२२ मा कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा उपचारका लागि लगेको थिएँ। मेरो छोरालाई कान्ति बाल अस्पतालकले प्रभावकारी उपचार नगरेको, रिफर डक्युमेन्ट लगायतको कागजात स्पष्ट नखुलेकोबाट चिकित्सकीय असावधानी भएको भन्ने कुरा जिल्ला प्रशासन कार्यालय क्षतिपूर्ति समिति, काठमाडौंको निर्णयमा नै स्पष्ट हुँदा हुँदै क्षतिपूर्तिको रकम तोक्ने सम्बन्धमा मलाई भएको गम्भीर हानि नोक्सानीलाई विचार नगरी गरिएको उक्त निर्णय सदर ठहऱ्याएको उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण छ। संविधान प्रदत्त मौलिक हकको विपरीत अस्पतालको असावधानीको कारण आज मेरो नाबालक छोरा जिवन र मृत्युको दोसाँधमा रहेको छ। बिरामीलाई औषधी उपचार गर्दा तथा अन्य उपचारको विधिहरू अपनाउँदा उपचारमा संलग्न चिकित्सक, नर्स तथा अन्य कर्मचारीहरुले पनि पर्याप्त सावधानी (Due Diligence) अपनाउनु पर्छ। प्रभावकारी उपचारको लागि सही औषधी, सही मात्रामा, सही तरिकाले, सही अवधिभित्र प्रयोग गर्न आवश्यक हुन्छ। यदी उपचारको विधिहरू अपनाउँदा उपचारमा संलग्न चिकित्सक, नर्स तथा अन्य कर्मचारीहरुले पनि पर्याप्त सावधानी (Due Diligence) नअपनाएको कारणबाट कुनै क्षति भएमा त्यसको उचित र मनासिब क्षतिपूर्ति पाउन त्यस्तो व्यक्तिको अधिकार हो। विशेष संरक्षणका हकदार नाबालिगलाई क्षतिपूर्ति भराउँदा अन्य साबालिगको जस्तै गरी हेर्न मिल्दैन। उच्च तहको होशियारीको कर्तव्य (duty of care) नभएको कारणबाट एउटा साबालकमा परेको क्षति र एउटा नाबालकमा परेको क्षति फरक हो। यस मुद्दामा नाबालक बच्चाले पूरै जिवन भर उक्त पीडालाई लिई अपाङ्गताका साथ अरुको दया र साहानुभूतिको भरमा बाँच्नु पर्ने स्थितिको सृजना भएको छ। जिल्ला क्षतिपूर्ति समितिले निर्णय गर्दा कान्ति बाल अस्पतालले प्रभावकारी उपचार नगरी चिकित्सकीय असावधानी भएको कुरालाई आधार मानि निर्णय गरेपनि उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ अनुसार मलाई हुन गएको हानि नोक्सानीको आधारमा क्षतिपूर्ति भराउने आदेश हुनसकेको छैन। मलाई भएको हानि नोक्सानीको आधारमा हेर्दा लापरवाहीपूर्ण सेवाको कारण मेरो छोराको शरीरको विभिन्न

अङ्गको शक्ति क्षीण वा हरण गर्ने कार्यलाई गम्भीर कसूर मानी शरीरको अङ्गको शक्ति क्षीण भए वापतको क्षतिपूर्ति, आर्थिक क्षति, जिविकोपार्जनको आधारमा पुगेको क्षति, मानसिक यातनाको क्षतिपूर्ति विपक्षी अस्पतालबाट भराई पाउँ। साथै मेरो छोराले विपक्षीका कारण कलिलो उमेरमा नै आँखाको हेर्ने शक्ति र कानको सुन्न सक्ने क्षमता गुमाउनुपरेको, मस्तिस्कको वृत्ति विकास नभई काम नगरेको तथा शरीरको अन्य अंग चलाउन नसक्ने अवस्था हुनु परेको छ। औषधि उपचारमा भएका खर्च एवं मानसिक तथा शारीरिक पीडासमेतका आधारमा जिल्ला क्षतिपूर्ति समिति काठमाण्डौंको निर्णयलाई सदर ठहऱ्याएको उच्च अदालत पाटनको फैसला नेपालको संविधानको धारा १६(१), १८, धारा २१ (२), त्यसैगरी धारा ३५, धारा ३९ र धारा ४४ तथा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ को प्रतिकूल भएकाले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९(१) को देहाय (क) र (ख) बमोजिम मुद्दा दोहोऱ्याई पाउँ भन्ने बेहोराको ध्रुवकुमार विश्वकर्माले यस अदालतमा परेको निवेदन।

१२. यसमा रु.५४,६३,७५३।- क्षतिपूर्ति र भरिभराउ हुँदासम्मको ब्याजसमेत भराई पाउँ भन्ने निवेदन माग दावी रहेको र उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ मा हानि नोक्सानीको आधारमा पीडितलाई क्षतिपूर्ति भराई दिनपर्ने भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा पीडितलाई हुन गएको क्षतिको विश्लेषण नगरी र औचित्यपूर्ण आधार कारणसमेत नखोली क्षतिपूर्तिको रकम तोकेको जिल्ला क्षतिपूर्ति समिति काठमाडौंको निर्णयलाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७६।२।१० को फैसलामा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ को व्याख्यात्मक त्रुटि भएको देखिंदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा १ को खण्ड (क) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९(१) को खण्ड (क) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिदिएको छ। नियमानुसार गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७९।२।२३।२ मा भएको आदेश।

१३. यसमा यस अदालतबाट जारी भएको म्याद कान्ति बाल अस्पतालले मिति २०७९/०३/२८ मा बुझी बहसको लागि कानून व्यवसायी खटाएको नदेखिंदा प्रस्तुत मुद्दा मिति २०७९/०७/१५ मा पेशीमा चढाई बहसको लागि कानून व्यवसायी खटाउन भनी कान्ति बाल अस्पताललाई लेख्नू। साथै प्रस्तुत मुद्दामा उच्च अदालतमा बहस पैरवी हुँदा सरकारी वकिलबाट प्रतिनिधित्व भएको देखिंदा उक्त मितिमा बहसको

लागि सरकारी वकिल खटाउनु भनी महान्यायाधिवक्ताको कार्यालयलाई लेखी नियमानुसार गरी उक्त मितिमा पेश गर्नू भन्ने यस अदालतको मिति २०७९।६।३०।१ को आदेश।

१४. यसमा ८ महिनाको आलोक बराललाई मिति २०७३।३।२२ मा कान्ति बाल अस्पतालमा औषधी उपचारको लागि लगेको भन्ने रहेको हुँदा निजलाई उक्त दिन के कस्तो उपचार गरिएको थियो सो सम्बन्धी फाइल कान्ति बाल अस्पतालका कानून व्यवसायीमार्फत् झिकाई मिति २०७९।७।२१ गते नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७९।७।१५ मा भएको आदेश।

१५. यसमा पुनरावेदक/वादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरुले मेडिकल टर्मनोलोजीसमेतका कुराहरु Clear गर्न बहस नोट पेश गर्ने मौका पाउँ भनी इजलाससमक्ष माग गर्नु भएकोले मागबमोजिम पुनरावेदक तथा प्रत्यर्थीबाट १५ दिनभित्र बहस नोट पेश गर्न लगाई बहस नोट प्राप्त भएपछि नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७९।८।२८ मा भएको आदेश।

१६. विपक्षीको दावी जिकिर अनुसार सँगै बेडको कमल वि.क. भन्ने बिरामीको औषधी Montaz IV मेनन्जाइटिस मलेरियाको बिरामीलाई दिइने औषधी भनी जिकिर लिनु भएको छ। निवेदकको दावी अनुसार Montaz IV औषधी झुकिएर दिइएको भनी भनिएको छ यदि त्यसो हो भने पनि Montaz IV को Side effect (साइड इफेक्ट) WBC र Platelets बढ्ने, छालामा एलर्जी, बान्ता, डाइरिया हुने समस्या देखिन सक्छ। नाबालिग बिरामी आलोक बराललाई निमोनिया हुँदा दिइने औषधी Hydrocortisone Injection-85 mg औषधी नै दिइएको हो। यो औषधी इमरजेन्सीमा सिरियस बिरामीलाई तत्काल बिरामीको अवस्थामा छिटो छिटो सुधार ल्याउन दिइने औषधी हो। निज बिरामीको अवस्था झन बिग्रिएपछि बिरामीलाई आवश्यकता अनुसार C.P.R. र पम्प दिइएको हो। बिरामीलाई अझ गाह्रो भएर NICU (बाल सघन उपचार) कक्ष आवश्यक भएर उपचाररत कान्ति बाल अस्पतालमा NICU खाली नभएर अन्तर्राष्ट्रिय बाल मैत्री अस्पतालमा रिफर गरिएको हो। निज बिरामी बालक निमोनियाले ग्रसित भएर अस्पताल भर्ना गरिएको हो। दावी गरेबमोजिम सामान्य बिरामी भएर अस्पताल ल्याएको होइन। सामान्य बिरामी हुँदा नजिकको अस्पताल छोडेर कान्ति बाल अस्पतालसम्म ल्याउनु पर्ने अवस्था थिएन। बिरामीको यो अवस्था Over Dose वा गलत Injection को प्रयोग

नभई Sepsis with Neuroretinitis with Cerebral Oedema with respiratory Failure with pneumonia with renal calculi with UTI अर्थात् Blood मा Infection, आँखामा समस्या, टाउको सुनिएको, श्वासप्रश्वास फेलर, निमोनिया साथै मृगौलामा ढुंगा र पिसाब खराबी समेतबाट ग्रसित थिए। अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालको बिरामीको अभिलेखबाट Perinatal insult to brain Parenchyma with Leukomalacia (Chronic Morbidity) बच्चा जन्मिने क्रममा पर्याप्त अक्सिजन नपुगेको कारणले हुने रोग भएको ब्यहोरा तथ्य उल्लेख भएबाट बिरामी पहिलेदेखि नै मस्तिष्क अपाङ्गताबाट ग्रसित भएको देखिन्छ। निज बालकको यो अवस्था Montaz IV दिएर बच्चाको यस्तो अवस्था भएको होइन यो जन्मिने क्रममा नै पर्यात अक्सिजन नपुगेको कारणबाट भएको होइन। यो झुठा आरोपबाट अलग फुर्सद गरी पाउँ भनी कान्ति बाल अस्पतालको तर्फबाट अधिवक्ता श्री भुवन दहालले पेश गरेको बहस नोट।

१७. मिति २०७३।३।२२ गते कान्ति बाल अस्पलालमा उपचारका लागि इमर्जेन्सीमा लैजाँदा नाबालिग आलोक बराल ८ महिनाको भएको र उक्त समयमा बच्चाको तौल ८.५ के.जि. भएको उल्लेख छ। अस्पतालको इमर्जेन्सीमा डाक्टरले प्रेस्किप्सन कागजमा Noisy breathing, Running nose and fever उल्लेख गरेको छ। यस बाहेक बच्चामा कुनै दिर्घकालीन रोग भएको वा सोको शंका भएको अथवा बच्चा अपाङ्गग भएको उल्लेख छैन। मोन्टाज (Montaz 1gm IV) औषधी आलोक बराललाई नदिएको जिकिर विपक्षीहरुले लिएपनि मिति २०७३।०५।३१ मा अस्पताल आफैंले तयार गरेको प्रतिवेदनमा उक्त औषधी १० वर्षको शम्भु बि.क. लाई दिएको भनी उल्लेख गरेको छ। यसरी १० वर्षको बच्चाको लागि प्रयोग हुने औषधी ८ महिनाको नाबालक माथि प्रयोग भयो भने त्यो औषधीको ओभर डोज मानिन्छ र यसले बालकको शरीरमा ज्यानको खतरा हुने गरी असर गर्दछ। मिति २०७४।०६।३१ मा जिल्ला जनस्वास्थ्य कार्यालय काठमाण्डौंको तर्फबाट डा. आयुषमा रेग्मीको प्रतिवेदनमा The immediate side effect of Inj. Montaz is rash, itchiness, fever, diarrhoea, leukopenia, pain at injection site, nausea/vomiting. Major life threatening complication could be severe anaphylaxis and respiratory compromise but is very rare भनी उल्लेख गरेको पाइन्छ। कुनै अवस्थामा ज्यानै जान सक्ने गरी anaphylaxis अर्थात allergic reaction तथा respiratory compromise अर्थात श्वास प्रश्वास रोकिने अवस्था हुने उल्लेख छ। त्यसैगरी मिति २०७३।०५।३१ को कान्ति बाल अस्पताल आफैंले

तयार गरेको प्रतिवेदनमा समेत बच्चामा Child desaturation, child gasping and choking भई CPR गरेको भनी उल्लेख गरेकोबाट औषधीको side effects र बच्चामा देखिएको लक्षण मिलेको पुष्टि भएको छ। त्यसैगरी International Friendship Children's Hospital मा बच्चालाई डिस्चार्ज गर्दा बच्चामा Sepsis with Neuroretinitis with Cerebral Oedema with respiratory Failure with pneumonia with renal calculi with UTI भन्ने समस्या पत्ता लागेको उल्लेख छ। अब यसमा प्रयुक्त Sepsis को अर्थ WHO का अनुसार Sepsis is a life-threatening organ dysfunction caused by a dysregulated host response to infection भनिएको छ। त्यसैगरी Respiratory failure भन्ने उल्लेख भएबाट डा. आयुष्मा रेग्मीको प्रतिवेदनमा औषधीको side effects respiratory compromise अर्थात श्वास प्रश्वासको विफलता (श्वास प्रश्वास रोकिने अवस्था) हुन्छ भन्ने बाट पनि सोही औषधीका कारण भन्ने पुष्टि हुन्छ। विपक्षी कान्ति बाल अस्पतालको लापरवाहीपूर्ण कार्यबाट नाबालक आलोक बरालको स्वास्थ्यमा क्षति भएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ अनुसार हानि नोक्सानीको आधारमा अर्थात Principle of Restitutio in Integrum (Just Compensation/ Adequate Compensation) भन्ने सिद्धान्तको आधारमा र सोही ऐनको दफा ५२ मा उल्लेखित क्षतिपूर्तिको मापदण्डका विषयलाई मध्यनजर गरी क्षतिपूर्ति निर्धारण गरी मागबमोजिम एकमुष्ट रु. ५४,६३,७५३/- एवं भरिभराउ हुँदासम्मको १० प्रतिशत ब्याजको दरले हुन आउने रकमसमेत भराई पाउँ भन्ने बेहोराको निवेदक/वादी ध्रुवकुमार विश्वकर्माको तर्फबाट विद्वान् अधिवक्ता श्री ध्रुव कोइराला र श्री शशी बस्नेतले पेश गरेको बहस नोट।

**ठहर खण्ड**

१८. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्रसहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

१९. पुनरावेदक/वादी ध्रुवकुमार विश्वकर्माको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरु श्री ध्रुव कोइराला र श्री शशी बस्नेतले आठ महिनाको बच्चा आलोक बराललाई सामान्य रुघा खोकी लागि घाँटीमा अलिअलि घ्यार घ्यार भएकोले मिति २०७३।३।२२ गते उपचारका लागि कान्ति बाल अस्पतालको इमर्जेन्सीमा लगिएको थियो। डाक्टरले प्रेस्किप्सन कागजमा Noisy breathing, Running nose and fever उल्लेख गरेका छन।

१० वर्षको शम्भु बि.क.लाई लगाउन ल्याएको Montaz 1gm Injection इन्जेक्सन आठ महिनाको बालकलाई लगाइदिए पश्चात बच्चाले पिसाब, दिशा चुहाएर सास फेर्नै छोड्ने अवस्थामा पुगेपछि अर्को अस्पतालमा लैजान रिफर गरिएको थियो। कान्ति बाल अस्पतालको मिति २०७३।०५।३१ मा तयार गरेको प्रतिवेदनमा Montaz 1gm Injection औषधी १० वर्षको शम्भु बि.क.लाई दिएको भनी उल्लेख गरेको छ। मिति २०७४।०६।३१ मा जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंको तर्फबाट डा. आयुष्मा रेग्मीको प्रतिवेदनमा उल्लेख गरिएको औषधीको side effects र मिति २०७३।०५।३१ मा कान्ति बाल अस्पताल आफैंले तयार गरेको प्रतिवेदनमा समेत बच्चालाई Child desaturation, child gasping and choking भई CPR गरेको भन्ने बेहोरा औषधीको side effects हरुसँग मिलेबाट बच्चा आलोक बराललाई गलत औषधी Montaz 1gm Injection को नकारात्मक असर परेको पुष्टि भएको छ। विपक्षी कान्ति बाल अस्पतालको लापरवाहीपूर्ण कार्यबाट नाबालक आलोक बरालको स्वास्थ्यमा गम्भीर क्षति भएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ अनुसार हानि नोक्सानीको आधारमा अर्थात Principle of Restitutio in Integrum (Just Compensation/ Adequate Compensation) भन्ने सिद्धान्तलाई नजरअन्दाज गरी माग दावीभन्दा न्यूनतम क्षतिपूर्ति भराउने गरी भएको जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंको निर्णय सदर ठहऱ्याएको उच्च अदालत पाटनको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५२ मा उल्लेखित क्षतिपूर्तिको मापदण्डका विषयलाई मध्यनजर गरी क्षतिपूर्ति निर्धारण गरी मागबमोजिम एकमुष्ट रु. ५४,६३,७५३/- र भरिभराउ हुँदासम्मको सोको १० प्रतिशत ब्याजको दरले हुन आउने रकमसमेत पीडितलाई भराई पाउँ भनी बहस प्रस्तुत गर्नु भयो।

२०. प्रत्यर्थी/प्रतिवादी कान्ति बाल अस्पताल, महाराजगञ्ज (अस्पताल) को तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भुवन दाहालले बच्चाको स्वास्थ्य उपचारमा लापरवाहीपूर्ण तवरले गलत उपचार भएकोमा स्वास्थ्य सम्बन्धी ऐन, २०७४ हुँदाहुँदै उपभोक्ता संरक्षण ऐन, २०५४ आकर्षित हुँदैन। बच्चा निमोनियाले ग्रसित भएर अस्पताल भर्ना गरिएको हुँदा निमोनियामा दिइने औषधी Hydrocortisone Injection-85mg दिइएको हो। वादीले जिकिर लिएबमोजिम सँगैको अर्को बेडको बिरामीको औषधी Montaz IV इन्जेक्सन आठ महिनाको बच्चालाई दिइएको होइन। बच्चा जन्मिने क्रममा नै पर्याप्त अक्सिजन

नपुगेको कारणबाट पहिलेदेखि नै मस्तिष्क अपाङ्गताबाट ग्रसित हुनुका साथै अरु विभिन्न रोगबाट ग्रसित भएको हो। निज बच्चाको उपचारका क्रममा अस्पतालको तर्फबाट कुनै पनि किसिमको लापरवाही अवस्थामा सुरु निर्णय सदर गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण हुँदा निवेदकले दावी गरेको क्षतिपूर्तिको रकम कानून सम्मत नहुँदा झुठ्ठा आरोपबाट अलग फुर्सद गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो ।

२१. उपर्युक्तानुसारको तथ्य, मिसिल संलग्न रहेको कागज तथा विद्वान् अधिवक्ताहरुले गर्नुभएको बहससमेतको सन्दर्भमा, निम्न प्रश्नहरुको विश्लेषण गरी निर्णयमा पुग्नु पर्ने देखियोः

क. प्रस्तुत विवादमा चिकित्सकीय लापरवाही (medical negligence) भएको हो वा होइन?

ख. प्रस्तुत विवादमा हदम्याद सम्बन्धी विषयलाई कसरी निरुपण गर्न सकिन्छ?

ग. चिकित्सकीय लापरवाही भएको अवस्थामा के कसरी र कति क्षतिपूर्ति भराउने?

घ. उच्च अदालत पाटनबाट मिति २०७६।०२।१० मा भएको फैसला मिलेको छ, छैन?

२२. निर्णयतर्फ विचार गर्दा, नाबालक छोरा आलोक बरालको उपचारमा DUTY OF CARE को उल्लंघन भई चिकित्सकीय लापरवाही गरी गलत औषधीको प्रयोगबाट आठ महिनाको बच्चाको स्वास्थमा गम्भीर असर परी अपुरणिय क्षति पुग्न गएकोले उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ बमोजिम हरहिसाव गरी एकमुष्ठ रु.५४,६३,७५३।- र भरिभराउ हुँदासम्मको १० प्रतिशतले हुन आउने ब्याजसमेत भराई पाउँ भन्ने व्यहोराको ध्रुवकुमार विश्वकर्माको उजूरी निवेदन भएकोमा बिरामीको रेकर्डबाट Montaz IV इन्जेक्सन नदिइएको र गलत औषधी प्रयोग भएकोमा तत्काल कानूनी उपचार नखोजी उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ बमोजिमको म्याद गुजारी क्षतिपूर्ति दावी उठान गरेको प्रस्तुत निवेदन गलत नियतबाट प्रेरित छ। बिरामीको अशक्तताको कारण ओभरडोज वा गलत इन्जेक्सनको प्रयोग नभई Sepsis With Neuroretinits With Cereberal Oedema with respiratory Failure with pneumonia with renal calculi with UTI लगायतको जटिलताको कारण भएको हो। अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालको बिरामीको अभिलेखबाट Perinatal insult to brain Parenchyma with Ieucomalacia (chronic morbidity) व्यहोराको तथ्य उल्लेख भएबाट

बिरामी पहिलेदेखि नै मस्तिष्क अपाङ्गताबाट ग्रसित भएको देखिन्छ। अस्पतालमा गठित छानबिन समितिले चिकित्सक तथा नर्सको लापरवाही नभएको व्यहोराको प्रतिवेदन पेश गरेको हुँदा झुठ्ठा व्यहोराको क्षतिपूर्ति दावी गरेको निवेदकको उजुरी खारेज गरी पाउँ भन्ने कान्ति बाल अस्पतालले लिखित जवाफ देखिन्छ।

२३. प्रस्तुत विवाद उपभोक्ता संरक्षण ऐन, २०५४ आकर्षित हुने नै देखिँदा निवेदकले आठ महिनाको बच्चा आलोक बराललाई कान्ति बाल अस्पतालमा प्रभावकारी उपचार गरिएको नदेखिनुका साथै refer document लगायतको कागज स्पष्ट नखुलेको समेतबाट बिरामी आलोक बरालको उपचारमा कान्ति बाल अस्पतालको तर्फबाट पर्याप्त सावधानी साथ उपचार गरेको नदेखिँदा चिकित्सकीय असावधानी भएको पुष्टि हुन आएकोले निवेदक ध्रुवकुमार विश्वकर्मालाई क्षतिपूर्तिस्वरुप कान्ति बाल अस्पतालको तर्फबाट एकमुष्ट रु.१५,००,०००।- भराई दिने ठहर्छ भन्ने जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंबाट निर्णय भएकोमा उक्त निर्णयमा चित्त नबुझाई उच्च अदालत पाटनमा दुवै पक्षको पुनरावेदन परेकोमा सुरु निर्णय सदर हुने ठहर्‍याई उच्च अदालत पाटनबाट भएको फैसलाउपर चित्त नबुझाई वादी ध्रुवकुमार विश्कर्माको यस अदालतमा दोहोर्‍याई पाउँ भन्ने निवेदन दर्ता भएकोमा अनुमति प्रदान भई पुनरावेदनको रोहमा निर्णयार्थ इजलाससमक्ष पेश हुन आएको देखियो।

२४. यसमा मिति २०७३।३।२२ मा आठ महिनाको आलोक बराललाई सामान्य रुघाखोकी लागि कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा उपचारको निम्ति राखियो। डाक्टरको सल्लाहबमोजिम Hydrocortisone Injection-85mg दुई पटक लगाउँदासम्म बच्चाको स्वास्थ अवस्था सामान्य थियो। रातिको ११:३० बजे नर्स आफैंले लिएर आएको इन्जेक्सन बच्चालाई लगाइ दिएपश्चात बच्चालाई दिशा पिसाब चुहिएर गाह्रो भएको थियो। किन यस्तो भयो भनी बुझ्दै जाँदा सँगैको अर्को बेडमा रहेको १० वर्षको शम्भु बि.क.लाई दिनु पर्ने Montaz IV इन्जेक्सन आठ महिनाको बच्चा आलोक बराललाई दिइएको रहेछ। यसरी मेरो छोरा आलोक बरालको उपचारमा DUTY OF CARE को उल्लंघन भई चिकित्सकीय लापरवाहीको कारणबाट मेरो बच्चाको स्वास्थमा गम्भीर असर पुग्न गई उपचारको क्रममा निज बालकलाई ४० मिनेटसम्म पम्प र सि.पि.आर. दिएर मुटुको धड्कन ७७ प्रतिशत देखाई रातिको २ बजे अर्को अस्पताल अर्थात अन्तर्राष्ट्रिय बाल मैत्री अस्पतालमा रिफर गरिएको थियो।

मिति २०७३।५।२४ मा उपचारको छानबिनको लागि निवेदन दिए तापनि सोउपर कारवाही गरिएको छैन। पाटन अस्पतालमा उपचारको क्रममा मिति २०७४।१।५ मा निज बच्चाको स्वास्थमा सुधार हुन नसक्ने गरी अपाङ्गता भएको जानकारी पाए। विपक्षी कान्ति बाल अस्पतालको लापरवाहीका कारण आठ महिनाको बच्चा आजीवन शारीरिक तथा मानसिक रुपमा असक्त भई आर्थिक, मानसिक र शारीरिक पीडा भोग्नु परी अपूरणिय क्षति पुगेको हुँदा क्षतिपूर्ति दिलाई पाउँ भनी पीडित बच्चा अलोक बरालको बुबा ध्रुवकुमार विश्वकर्माको जाहेरी दर्खास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ।

२५. सर्वप्रथम प्रस्तुत विवादमा चिकित्सकीय लापरवाही (medical negligence) भएको हो वा होइन भन्ने सम्बन्धमा विश्लेषण गर्नुपर्ने देखियो। चिकित्सकीय लापरवाही (medical negligence) के हो भन्ने तर्फ विचार गर्दा, चिकित्सकले आफू कहाँ आएका बिरामीलाई सेवा दिन स्वीकार गरिसकेपछि चिकित्सकको बिरामी प्रति हेरचाहको कर्तव्य (duty of care) सिर्जित हुन्छ। हेरचाहको कर्तव्य भन्नाले बिरामीलाई कुन उपचारको आवश्यकता पर्दछ, सो को निर्णय लिने, बिरामीलाई कुन औषधीको आवश्यकता छ सो को सिफारिस गर्ने जस्ता विषयहरु पर्दछन्। बिरामीको स्वास्थ्य सम्बन्धी पृष्ठभूमी लिने, सो समेत विचार गरी उपचारको पद्दती निर्धारण गर्ने, उपयुक्त औषधी छनोट गर्ने, आवश्यकता अनुसार बिरामीको स्वतन्त्र सूसुचित सहमति लिएर शल्यक्रिया गर्ने तथा उपचारपश्चात् पनि बिरामीले बुझ्ने भाषामा सावधानीको उपायहरुबारे जानकारी दिने लगायतका उपायहरु पर्दछन्। ती उपचारका कुनै पनि क्षेत्रमा लारवाहीपूर्ण तवरले कार्य गरी बिरामीको जिउ ज्यान वा स्वास्थ्यमा प्रतिकूल प्रभाव परेमा वा हानि नोक्सानी हुन गएमा चिकित्सकले उपचारमा लापरवाही गरेको मानिन्छ।[१] एउटा विवेकशील व्यक्तिले गर्नुपर्ने कर्तव्यबाट विमुख भएको वा विवेकशील व्यक्तिले गर्न नहुने कार्य गरेको परिणामस्वरुप कुनै व्यक्तिलाई क्षति पुगेमा लापरवाही गरेको मानिन्छ।[२] अमेरिकी दुष्कृति कानूनमा हेलचक्रयाइँ वा लापरवाहीलाई होसियार हुनुपर्ने कर्तव्यको उल्लङ्घन गर्ने कार्य (Negligence is a breach of a duty of care) भनी परिभाषा गरिएको पाइन्छ।[३] चिकित्सकीय सेवा प्रदान गर्ने

[१] **करार र दष्कृति कानून सम्बन्धी विशेषाङ्क,२०७९**, उपचारमा लापरवाही, डा. खुसी प्रसाद थारु, पृष्ठ १९४, राष्ट्रिय न्यायिक प्रतिष्ठान।
[२] Poonam Verma v. Ashwin Patel, 1996 AIR 2111, 1996 SC(4) 332.
[३] दुष्कृति कानून (सिद्धान्त र अभ्यास) डा. नारायण घिमिरे, पृष्ठ ८४।

क्रममा होसियारी नगरेको कारणले सेवाग्राहीलाई गम्भीर असर पर्न गएको छ भने यस्तो किसिमको लापरवाहीलाई चरम लापरवाही मान्नुपर्छ भनेर (Lussan V. Insurance Co.) को मुद्दामा विवेचना गरिएको पाइन्छ।[४] यी परिभाषाहरुबाट चिकित्सकले बिरामीको उपचार गर्दा कुनै उपचार विधि उल्लंघन गरेमा, गर्नुपर्ने सेवा नगरी वा नगर्नुपर्ने कार्य गरी हेरचाहको कर्तव्य (duty to care) उल्लंघन गरी बिरामीलाई शारीरिक तथा मानसिक क्षति पुग्न गएमा उपचारमा लापरवाही गरेको मान्न सकिन्छ। चिकित्सकिय लापरवाही हुनका लागि मुख्य चार तत्वहरुको दावी गर्ने पक्षले प्रमाणित गर्नु पर्दछ।[५] यस्ता मुख्य चार तत्वहरुमा : (क) उचित हेरचाह गर्ने कर्तव्य थियो (duty to care) र उल्लंघन भएको छ।, (ख) सम्बन्धित स्वास्थ्यकर्मीले गरेको कार्य (action) वा कर्तव्य विमुखता (inaction)बाट एक विवेकशील व्यक्तिको नजरमा हेरचाहको कर्तव्यको स्तर बहन हुन नसकेको देखिनु पर्दछ (breach of duty), (ग) एउटा विवेकशील व्यक्तिले पूर्वानुमान गर्न सक्ने किसिमको निवेदकलाई हानि नोक्सानी पर्न गएको अवस्थाको थियो भन्ने देखिनु (foreseeable damage) पर्दछ, (घ) हानि नोक्सानीको कारक तत्व (cause of action)कर्तव्यको उल्लंघन भएको कारणबाट हो भन्ने देखिएको हुनु पर्दछ।

२६. प्रस्तुत मुद्दामा पीडित बिरामी आलोक बरालको स्वास्थ्य सम्बन्धी पृष्ठभूमी हेर्दा निजको मिति २०७२।७।२० मा सामान्य तरिकाले जन्म भई तीन के.जि. को तौल रहेको भनी परोपकार प्रसुति तथा स्त्री रोग अस्पतालको मिति २०७२।०७।२० को डिस्चार्ज कागजमा उल्लेख भएको देखिन्छ। मिति २०७३।३।२२ मा निज बच्चालाई सामान्य रुघाखोकी लागि कान्ति बाल अस्पतालमा उपचारका लागि इमर्जेन्सीमा लैजाँदा बच्चा आठ महिनाको भएको र उक्त समयमा निज बच्चाको तौल ८.५ के.जि. रहेको भनी उल्लेख भएको पाइन्छ। इमर्जेन्सीमा चिकित्सकले निज बच्चाको प्रेस्किप्सन कागजमा Noisy breathing, Running nose and fever भनी उल्लेख गरेको देखिन्छ। यस बाहेक

---

[४] ऐ.पृष्ठ ८५।

[५] Medical negligence, lawbook. Sa. Gov.au. Negligence is failure to take reasonable care to vaoid causing injury or loss to another person. There are four steps in providing negligence. The plaintiff must prove:

1. That there is a duty in circumstances to take care duty of care ,
2. That the behavior or inaction of the defendant in the circumsatances did not meet the stanadard of care which a reasonable person would meet in the circumstances ( breach of duty),
3. That the plaintiff has suffered injury or loss which a reasonable person in the circumstances could not have been expected to foresee (damage),
4. That the damage was caused by the breach of duty (causation).

बच्चामा कुनै दिर्घकालीन रोग भएको वा सो को शंका भएको अथवा बच्चा अपाङ्ग भएको भनी बिरामीको पृष्ठभूमी उल्लेख गरेको देखिंदैन। बच्चाको वृद्धि विकासमा कुनै समस्या नदेखिनुका साथै विशेष स्वास्थ्य परीक्षणका लागि सुझावसमेत गरेको देखिंदैन। यस अवस्थामा मिति २०७३।०५।३१ मा कान्ति बाल अस्पतालले तयार गरेको प्रतिवेदनमा कान्ति बाल अस्पताल आउनु अगाडि बालक आलोक बराललाई त्रि.वि. शिक्षण अस्पतालमा Laryngo malaria भन्ने diagnosis भएको भनी उल्लिखित तथ्य कान्ति बाल अस्पतालले आफैंले तयार गरेको पीडित बालकको प्रेस्क्रिपसन कागजमा उल्लेख भएको बालकको स्वास्थ्यसम्बन्धी पृष्ठभूमीसँग मिलेको नदेखिंदा उक्त तथ्य आफैमा शंकास्पद देखियो।

२७. अर्कोतर्फ १० वर्षको बालक शम्भु बि.क. लाई लगाउन ल्याएको Montaz 1 gm Injection आठ महिनाको बालक आलोक बराललाई लगाइ दिएको भन्ने निवेदकको जिकिरउपर प्रत्यर्थी अस्पतालले शम्भु बि.क. नामको बिरामी र मोन्टाज ( Montaz 1gm IV) उक्त अस्पतालमा नरहेको भनी जिरह लिए तापनि मिति २०७३।०५।३१ मा कान्ति बाल अस्पतालले बिरामी आलोक बरालको अविभावकले दिएको निवेदनउपर अध्ययन गरी पेश गरिएको प्रतिवेदनमा ( प्रकरण नं. २ को बुँदा नं. ४) को १० वर्षको बालक शम्भु बि.क.लाई मोन्टाज (Montaz 1gm IV) औषधी दिएको कागज संलग्न देखिएको भनी उल्लेख भएको पाइन्छ। यसबाट निवेदकले उल्लेख गरेअनुसार शम्भु बि.क. भन्ने बच्चा र मोन्टाज ( Montaz 1gm IV) औषधी दुवै उक्त अस्पतालमा विद्यामान रहेको पाइयो।

२८. अस्पतालको इमर्जेन्सी वार्डमा आलोक बराललाई डाक्टरको सल्लाहबमोजिम मिति २०७३।०३।२२ को साँझको ४:३० बजे Hydrocortisone Injection-85mg र राति १०:०० बजे Hydrocortisone Injection-40mg गरी दुई पटक औषधी लगाएको भनी nurse’s daily record बाट देखिएको र उक्त इन्जेक्सन लगाउँदासम्म बच्चाको अवस्था सामान्य रहे पनि सोही रातको ११:३० बजे नर्स आफैंले लिएर आएको इन्जेक्सन लगाइ दिएपश्चात दिशा पिसाब चुहिएर गाह्रो भए तत्पश्चात बच्चालाई उपचार गर्दै जाँदा सो अस्पतालमा आईसियु नरहेको र अन्यत्र रिफरका सम्पूर्ण प्रक्रिया पूरा नगरी रातिको दुई बजे अन्य अस्पताल लैजानुस् भन्ने कार्यलाई सामान्य मात्र सकिने अवस्था देखिंदैन। हेरचाहको कर्तव्य अन्तर्गत बिरामीको स्वास्थ्य सम्बन्धी पृष्ठभूमि

लिने, सो समेत विचार गरी उपचारको पद्दती निर्धारण गर्ने, उपयुक्त औषधी छनोट गर्ने, आवश्यकता अनुसार बिरामीको स्वतन्त्र सूसुचित सहमति लिनु पर्ने र उपचारपश्चात् पनि बिरामी वा निजको नजिकको व्यक्तिलाई बुझ्ने भाषामा सावधानीको उपायहरुबारे जानकारी दिनु पर्ने जस्ता विषय कुनै अस्पताल वा उपचार पद्दतीका सामान्य समझभित्रका विषय हुन्। यदि बिरामीलाई अन्य कुनै सुविधा सम्पन्न अस्पतालमा सिफारिश गर्नु पर्ने भएमा अन्यत्र सिफारिशका सम्पूर्ण प्रक्रिया पूरा गरी पठाउनु सम्बन्धित अस्पतालको न्यूनतम कर्तव्य हो। त्यस्तो प्रक्रिया पूरा नगरी रातिको दुई बजे अन्यत्र लैजानुस् भनी बिरामीलाई अन्यत्र पठाउने कार्य गरेबाट अस्पताल वा चिकित्सकको उचित हेरचाह गर्ने कर्तव्य (duty to care) पूरा गरेको देखिएन। साथै मिति २०७३।०५।३१ मा अस्पताल आफैंले तयार गरेको प्रतिवेदनमा कान्ति बाल अस्पताल आउनु अगाडि त्रि.वि. शिक्षण अस्पतालमा Laryngo malaria भन्ने diagnosis भएको भनी प्रमाणित हुन नसक्ने झुठ्ठा बेहोरा उल्लेख गरेबाट अस्पतालको बिरामी प्रतिको कर्तव्य उचित थियो भन्न सक्ने देखिएन।

२९. मिति २०७४।०६।३१ मा जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाण्डौको तर्फबाट डा. आयुष्मा रेग्मीको प्रतिवेदनको प्रकरण नं. ७ मा Inj Montaz is the combination of two antibiotics inj. Ceftriaxone (1000mg)+ Inj Tazobactam (125mg). Ceftriaxon belongs to 3rd generation Cephalosporins whereas Tazobactam is beta lactamase inhibitor whih inhibits the bacterial beta lactamases. This medicine is used in treatment of various infections caused by bacteria. अर्थात Inj Montaz औषधि bacteria बाट हुने विभिन्न किसिमको संक्रमणको उपचारमा प्रयोग हुने र प्रकरण नं. ८ मा The immediate side effect of Inj Montaz is rash, itchiness, fever, diarrhoea, leukopenia, pain at injection site, nausea/vomiting. Major life threatening complication could be severe anaphylaxis and respiratory compromise but is very rare, अर्थात कुनै अवस्थामा ज्यानै जान सक्ने गरी anaphylaxis अर्थात allergic reaction तथा respiratory compromise अर्थात श्वास प्रश्वास रोकिने अवस्था हुने भनी उल्लेख छ। Anaphylaxis is a severe, potentially life-threatening allergic reaction. ... Anaphylaxis causes the immune system to release a flood of chemicals that can cause you to go into shock - blood pressure drops suddenly and the airways narrow, blocking breathing. Respiratory compromise is a state in which there is a high likelihood of decompensation into respiratory insufficiency and failure, respiratory arrest or death, but in which specific interventions (continuous monitoring and

therapies) might prevent or mitigate decompensation[६], अर्थात Anaphylaxis Respiratory compromise भनेको श्वास प्रश्वासको विफलता (श्वास प्रश्वास रोकिने अवस्था) हो। Anaphylaxis ले ज्यानसमेत जान सक्ने खतरा हुन्छ भन्ने बुझिन्छ।

३०. कुनै अवस्थामा डाक्टरले उपचारको क्रममा बिरामीलाई आवश्यकता अनुसार यो औषधी Inj Montaz दिंदा समेत anaphylaxis वा respiratory compromise अर्थात श्वास प्रश्वासको विफलता (श्वास प्रश्वास रोकिने अवस्था) हुने र १० वर्षको बच्चालाई प्रेस्क्राइव गरेको डोजको औषधी लापरवाहीपूर्वक आठ महिनाको बालकलाई दिइदा यसको उच्चस्तरको नकारात्मक असर हुने देखिन्छ। रातिको ११:३० बजेको Inj Montaz लगाई सकेपश्चात बच्चालाई सास फेर्न गाह्रो भएको, दिसा, पिसाब चुहिएको र यस क्रममा बच्चालाई मुखबाट पम्प र सि.पि.आर. दिएर ७७ प्रतिशत मात्र मुटुको धड्कन देखाएको भन्ने निवेदनमा उल्लेख गरेको पाइयो। त्यसैगरी मिति २०७३।०५।३१ को अस्पताल आफैंले तयार गरेको प्रतिवेदनमा समेत बिचमा Child desaturation, child gasping and choking भई CPR गरेको भनी उल्लेख गरेकोबाट औषधीको side effects र बच्चामा देखिएको लक्षण मिलेको देखिन आयो।

३१. मिति २०७३/३/२३ देखि २८ दिनसम्म इन्टरनेशनल फ्रेन्डसिप चिल्ड्रेन हस्पिटलको इटी ट्यूब (ET tube) मा राखिएको देखिन्छ। त्यसको केहि दिनपछि बच्चा आलोक बराललाई डिस्चार्ज गर्दा Sepsis with Neuroretinitis with Cerebral Cedema with Respiratory failure with Pneumonia with Renal calculi with UTI भन्ने समस्या पत्ता लागेको उल्लेख भएको पाइन्छ। अर्थात् Blood मा Infection, आँखामा समस्या, टाउको सुनिएको, श्वास प्रश्वास असफलता (failure) भएको, निमोनिया साथै मृगौलामा ढुंगा र पिसाब खराबीसमेतबाट ग्रसित भनी इन्टरनेशनल प्रेन्डसिप चिल्ड्रेन हस्पिटलको डिस्चार्ज रिपोर्टबाट देखिन्छ। यसरी प्रतिवादी कान्ति बालअस्पताल महाराजगञ्ज, काठमाडौंले पीडित आलोक बरालको स्वास्थ्य उपचारमा उचित हेरचाह गर्नुपर्ने कर्तव्यको (duty of care) उल्लंघन गरी सावधानीपूर्वक उपचार गर्नुपर्ने अप्रत्यक्ष दायित्व पूरा नगर्नु नै पीडित बालकलाई पुग्न गएको हानि नोक्सानीको कारक तत्व (casauation) रहेको देखियो।

[६] https://www.mayoclinic.org/diseases-conditions/anaphylaxis/symptoms-causes/syc-20351468/मिति२०८०।०२।२५

३२. उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २(ङ) मा “सेवा भन्नाले कुनै कामको निम्ति कुनै पनि किसिमको सेवा शुल्क वा प्रतिफल लिई प्रदान गरेको श्रम, सुविधा वा परामर्श सम्झनु पर्छ” भनी परिभाषा गरेको देखिन्छ। यस अदालतबाट “उपभोक्ता संरक्षण ऐन, २०५४ लाई निरन्तरता दिने उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २(द) ले “सेवा” भन्नाले विद्युत्, खानेपानी, टेलिफोन, सूचना प्रविधि, **स्वास्थ्य**, शिक्षा तथा परामर्श, यातायात, ढल निकास, बैंकिङ्ग वा त्यस्तै प्रकृतिका अन्य सेवा सम्झनुपर्छ र सो शब्दले कानूनी, चिकित्सा वा इन्जिनियरिङ सेवालाई समेत जनाउँछ साथै चिकित्सा सेवामा श्रम, सिप र ज्ञानको प्रयोग गरी परामर्श र उपचार दिने भएकोले चिकित्सा सेवा उपभोक्ता संरक्षण ऐनको परिधिभित्र नै रहने” भनी यस अदालतबाट व्याख्या भएको देखिन्छ।[७]

३३. उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ मा उपभोक्ताको हक हित संरक्षण गर्ने प्रयोजनको निम्ति उपभोक्ताको अधिकारहरू जस्तै जिउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानि पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार[८], अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको निम्ति उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने अधिकार[९] र हाल प्रचलित उपभोक्ता संरक्षण ऐनमा वस्तु वा सेवाको प्रयोगबाट भएको हानि नोक्सानी विरूद्ध क्षतिपूर्ति पाउने अधिकार[१०]को सुनिश्चितता सुनिश्चित गरिएका देखिन्छन्। सोही उपदफा को खण्ड (ज) मा “उपभोक्ताको हक, हितको संरक्षणका सम्बन्धमा अधिकारप्राप्त अधिकारी वा निकायबाट उपचार पाउने वा सुनुवाइ हुने अधिकार” को समेत व्यवस्था सुनिश्चित गरेको देखिन्छ ।

३४. नेपालको संविधानको धारा ४४ मा “(१) प्रत्येक उपभोक्तालाई गुणस्तरीय सेवा तथा वस्तु उपभोग गर्ने हक हुनेछ र उपधारा (२) मा गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ” भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। अनुचित व्यापारिक क्रियाकलापबाट हानि नोक्सानी बेहोर्नु नपरोस् भन्ने हेतुले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ भनी उपभोक्ताको हकलाई संविधानको मौलिक हकअन्तर्गत राखी उपभोक्ताको हकलाई

---

[७] डा. बुद्ध बस्न्यात विरुद्ध उपभोक्ता हित संरक्षण मञ्च नेपाल, केन्द्रीय कार्य समिति काठमाडौंसमेत भएको क्षतिपूर्ति दिलाई पाउँ भन्ने मुद्दा (ने.का.प.२०७७, अंक १२, नि.नं.१०६२१)।

[८] उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६(१) (क)।

[९] ऐ. ऐनको दफा ६(१)(ख)।

[१०] उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३ उपदफा (२) को खण्ड (छ)।

सुनिश्चित गरेको देखिन्छ। उक्त धाराको कार्यान्वयनको प्रयोजनार्थ बनेको उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा १६(१) मा "कसैले पनि अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप गर्न वा गराउन हुँदैन" भन्ने देखिन्छ। सोही दफाको उपदफा २(क) मा वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य,...आदि ढाँटी, लुकाई, छिपाई वा झुक्याई त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने, प्रदान गर्ने काम गरेमा अनुचित व्यपारिक तथा व्यवसायजन्य क्रियाकलाप गरेको मानिनेछ"। **प्रत्येक नाबालकलाई गुणस्तरीय चिकित्सा सेवा पाउनुपर्ने स्वास्थ्यसम्बन्धी हक मात्र नभई यो हक संविधानको धारा १६ (१) ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हक तथा धारा ३९ ले प्रदान गरेको बालबालिकाको हक अन्तर्गत शिक्षा *स्वास्थ्य,* पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकसँग पनि अन्तर्निहित रहेको हुँदा उपभोक्ता संरक्षण ऐन, २०५४ अन्तर्गत तथा त्यसपछि भएका संवैधानिक तथा कानूनी विकासअन्तर्गत बालबालिकालाई गुणस्तरीय चिकित्सा सेवा प्रदान गर्नु चिकित्सकको प्रत्यक्ष दायित्वअन्तर्गत पर्दछ भने त्यस्तो सेवा प्रदान गर्ने अस्पताल, संस्था वा केन्द्रको पनि अप्रत्यक्ष दायित्व रहने गर्दछ ।**

३५. त्यस्तै मुलुकी अपराध संहिता, २०७४ को दफा २३२ ले पनि "कानूनबमोजिम इलाज गर्न पाउने व्यक्तिले कसैको इलाज गर्दा गम्भीर लापरवाही वा हेलचक्रयाइँ गरी इलाज गर्न, औषधी खान दिन वा खान सिफारिस गर्न वा चिरफार गर्न हुँदैन" भनी चिकित्सा लापरवाहीलाई अपराधीकरण गरेको पाईन्छ। मनसायपूर्वक गरिएको दुष्कृति (intentional tort) र हेलचक्रयाइँ (negligence) गरिएको कार्य गरी दुष्कृतिसम्बन्धी कानूनलाई विषेश गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ। मनसायपूर्वक गरिएको दुष्कृतिमा पीडित पक्षले भौतिक नोक्सानीको क्षतिपूर्ति प्राप्त गर्दछ। हेलचक्रयाइँ (negligence) पूर्वक गरिएको कार्यबाट सृर्जित दुष्कृति जसलाई समाजले अनुचित (unreasonable) मान्दछ र त्यस्तो कार्यबाट पक्षको नोक्सानी भएको अवस्थामा क्षतिपूर्ति प्राप्त गर्दछ। यसमा उल्लङ्घनकर्ताको मनसाय (intention) थियो भन्ने स्थापित गरी राख्नु पर्दैन, मात्र गलत कार्य गर्ने व्यक्तिले तत्कालीन परिस्थितिमा उचित होसियारीपूर्वक हेरचाह (reasonable care) गर्न नसकेको प्रमाणित गरे पुग्छ[११] भनी यस अदालतबाट

[११] डा. बुद्ध बस्न्यात विरुद्ध उपभोक्ता हित संरक्षण मञ्च नेपाल, केन्द्रीय कार्य समिति काठमाडौं समेत, क्षतिपूर्ति दिलाई पाउँ, ने.का.प. २०७७, अंक १२, नि.नं.१०६२१।

व्याख्या भएको देखिन्छ। नागरिकहरुको स्वास्थ्य परीक्षण र इलाज उपचार गर्दा चिकित्सकहरुको लापरवाही नहोस् र गलत इलाज उपचार नगरुन् भन्ने सावधानी गराउनका लागि गलत इलाज गर्नेबाट क्षतिपूर्ति भराउने र चरम लापरवाहीको सवालमा दण्डितसमेत हुने गरी नेपालको देवानी तथा फौजदारी संहिताअन्तर्गत दुष्कृति कानूनका मान्यता र सिद्धान्तलाई स्थापित गर्ने गरी व्यवस्थित गरिएको[१२] पाइन्छ।

३६. जन स्वास्थ सेवा ऐन, २०७५ को दफा ११ मा प्रत्येक स्वास्थ्य संस्थाले सेवाग्राहीलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदा निजको सुसूचित सहमति लिनु पर्ने देखिन्छ। स्वास्थ्य उपचारको सेवा लिन आउने सेवाग्राहीलाई उसको स्वास्थ्य उपचारमा कुन विधि के कारणले र किन प्रयोग गरिँदै छ भन्ने कुराको जानकारीको साथै त्यसबाट हुने सम्भावित असरहरुका बारेमा स्पष्ट बुझ्ने गरी सूचना दिई त्यस्तो सेवाग्राहीको मञ्जुरी लिएर मात्र स्वास्थ्य सेवा दिनु पर्ने गरी तोकिएको कानूनी कर्तव्य खास गरी चिकित्सकीय लापरवाहीको क्रममा दुष्कृति कानूनअन्तर्गत सुसूचित र सहमतिको (informed consent) सिद्धान्तमा आधारित भएको पद्दती र अभ्यास हो।

३७. यस अदालतबाट स्वास्थ्य उपचारमा संलग्न हुने चिकित्सकहरूले बिरामीप्रति विशेष ख्याल (high degree of care) गर्नुपर्ने कर्तव्य रहन्छ भन्ने विभिन्न मुद्दाहरुमा व्याख्या भएको पाइन्छ। यदि चिकित्सकले होसियार नभई हेलचक्र्याइँ (negligence) पूर्वक बिरामीको परीक्षण गरेमा चिकित्सकको सो कार्य दुष्कृतिअन्तर्गत पर्न सक्दछ। हेलचक्रयाइँ स्थापित गर्न सम्बन्धित व्यक्तिको पीडितलाई हेरविचार गर्नुपर्ने कर्तव्य थियो र त्यस्तो कर्तव्यको उल्लङ्घन भएको छ र त्यसबाट सृर्जित कार्य पीडितलाई नोक्सानी भएको छ भन्ने स्थापित गर्नुपर्छ। यस प्रकारको medical negligence को दावीमा चिकित्सकको गल्ती वा लापरवाही वा व्यावसायिक मापदण्डअनुरूपको कर्तव्य पूरा नगरेको कारणले आफ्नो जिउ ज्यानमा हानि नोक्सानी हुन गएकोमा, त्यस्तो कर्तव्य पूरा गरेको भए वा लापरवाही नगरेको भए नोक्सानी हुने अवस्था थिएन भन्ने कुरा तथ्य आफैंले स्थापित गर्ने हुँदा अन्य प्रमाण वा आधार अनुसन्धान गरी रहनु पर्दैन भनी Res-Ipsa-Loquitur को सिद्धान्तले चिकित्सा सेवालाई पनि दुष्कृति कानूनअन्तर्गत नै राखी अभ्यास भइरहेको पाइन्छ[१३] भन्ने यस अदालतबाट भएको व्याख्यामा उल्लेख

[१२] दुष्कृति कानून (सिद्धान्त र अभ्यास) डा. नारायण घिमिरे पृष्ठ ९६।

[१३] डा. बुद्ध बस्न्यात विरुद्ध उपभोक्ता हित संरक्षण मञ्च नेपाल, केन्द्रीय कार्य समिति काठमाडौं समेत, क्षतिपूर्ति दिलाई पाउँ, ने.का.प. २०७७, अंक १२, नि.नं.१०६२१ ।

गरिएको पाइन्छ। यसै सन्दर्भमा बेलायतको Queen's Bench Division बाट भएको, Glass v Cambridge Health Authority (1995) 6 Med LR 91 को मुद्दामा बिरामीलाई गलत तरिकाको उपचार पद्दती प्रयोगको कारणले उपचारकै क्रममा हृदयघात हुन जानु भनेको स्वास्थ्य अधिकारीलगायत संलग्न सबैको चरम लापरवाही भएको कुरा तथ्य स्वयंले स्थापित गर्छ भन्ने res ipsa loquitor सिद्धान्तको व्याख्या गरी फैसला भएको पाइन्छ।[14] प्रस्तुत मुद्दामा आठ महिनाको बच्चा आलोक बराललाई बिरामीको पृष्ठभूमीसहितको विवरण पूर्णरुपमा नलिई सामान्य बिरामी भई आएको बच्चालाई अस्पतालको इमर्जेन्सी वार्डमा राखिएको अवस्थामा रातिको समयमा तेस्रो पटकको इन्जेक्सन लगाइ सकेपछि बच्चाको अवस्था निकै गम्भीर भएपछि अर्को अस्पतालमा सिफारिश गर्ने प्रक्रियाहरु पूरा नगरी सिफारिश गर्नुबाट अस्पतालको लापरवाही भएको कुरा तथ्य स्वयंले स्थापित गर्छ भन्ने res ipsa loquitor सिद्धान्त आकर्षित हुने देखिन्छ।

३८. आफूले गर्न लागेको कामबाट अरुलाई पर्न सक्ने हानि नोक्सानीबारे पहिले नै अनुमान गर्न सक्नु वा जानकारी राख्नु पर्दछ भन्ने मान्यता दुष्कृति कानूनको आधारभूत विषय हो। यस्तो मान्यता चिकित्सकिय लापरवाहीमा आकर्षित हुने नै देखिन्छ। नेसार अहमद मियाँ विरूद्ध डा.प्रमोद पौडेलसमेत भएको क्षतिपूर्ति दिलाई कारवाही गरी पाउँ भन्ने मुद्दा (ने.का.प.२०७५, अङ्क ७, नि.नं.१००६१) मा **"कुनै रोगीको उपचार गर्ने क्रममा कुनै चिकित्सक र सो सम्बद्ध संस्थाले लापरवाही गरेको छ वा छैन भनी हेर्दा मूलतः हेरचाह गर्नुपर्ने दायित्व (Duty of Care) को समुचित प्रयोग भयो वा भएन र चिकित्सकले गरेको कार्य र निस्किएको परिणामबीच सोझो सम्बन्ध (Direct causal relation) छ वा छैन सो हेरिनुपर्छ। चिकित्सकको हेरचाह गर्ने दायित्वभित्र बिरामीको उपचार गर्न सहमति जनाउने, उपचार गर्ने र उपचार गर्दा होसियारीपूर्वक र सतर्कतापूर्वक गर्ने दायित्वसमेत पर्दछ। हेरचाहसम्बन्धी दायित्वको उल्लङ्घन हुँदा लापरवाही हुन जान्छ। लापरवाहीले अवस्थाअनुसार दुई किसिमको दायित्व निम्त्याउँछ। पहिलो देवानी दायित्व; यसअन्तर्गत दुष्कृतिसम्बन्धी कानून वा उपभोक्ता संरक्षणसम्बन्धी कानूनअन्तर्गत क्षतिपूर्ति तिर्ने दायित्व लापरवाही गर्ने व्यक्ति वा संस्थामा रहन्छ"** भनी यसै अदालतबाट व्याख्या भएको पाइन्छ।

१४ दुष्कृति कानून (सिद्धान्त र अभ्यास) डा. नारायण घिमिरे पृष्ठ ९८ ।

३९. प्रस्तुत मुद्दाको सन्दर्भमा प्राप्त तथ्य विवरण, प्रतिवेदन, निवेदकको भनाई लगायतका परिस्थितिजन्य अवस्थाबाट पीडित आलोक बराल रुघाखोकी लागेर उपचारका लागि कान्ति बाल अस्पतालको इमर्जेन्सी वार्डमा भर्ना हुँदा रातिको समयमा कुनै एक बिरामीलाई लगाउनु पर्ने इन्जेक्सन अर्को बिरामीलाई लगाई त्यस्तो गलत औषधी (Montaz IV) को कारणले बच्चाको स्वास्थ्य अवस्था निकै खराब हुन गई अर्को अस्पतालमा सिफारिश गरिएको पाइयो। यसरी अर्को अस्पतालमा उपचारको लागि सिफारिश गर्दा प्रक्रिया पनि पूरा नगरी रातिको दुई बजे पठाइएको र त्यसपछि बिरामीको अवस्था निरन्तर बिग्रिएको भन्ने देखियो। बिरामीलाई Hydrocortisone औषधी दिनु पर्नेमा नजिकैको अर्को बेडको बिरामी १० वर्षको शम्भु बि.क.लाई दिनु पर्ने Montaz IV औषधी पीडित आठ महिनाको बालकलाई लापरवाहीपूर्वक लगाई दिएको पृष्ठभूमीबाट निज बच्चाको स्वास्थमा गम्भीर असर पर्ने गरी Sepsis with Neuroretinitis with Cerebral Oedema with respiratory Failure with pneumonia with renal calculi with UTI अर्थात् Blood मा Infection, आँखामा समस्या, टाउको सुनिएको, श्वास प्रश्वास फेलर, निमोनिया साथै मृगौलामा ढुंगा र पिसाब खराबी समेतबाट ग्रसित भएको भन्ने इन्टरनेशनल प्रेन्डसिप चिल्ड्रेन हस्पिटलको डिस्चार्ज रिपोर्टबाट देखिन्छ। यसरी प्रतिवादी कान्ति बाल अस्पताल महाराजगञ्ज, काठमाडौंले पीडित आलोक बरालको स्वास्थ्य उपचारमा उचित हेरचाह गर्नुपर्ने कर्तव्य (duty of care) उल्लंघन गरी सावधानीपूर्वक उपचार गर्नुपर्ने अप्रत्यक्ष दायित्व पूरा गरेको देखिन आएन।

४०. प्रस्तुत विवादमा हदम्यादसम्बन्धी विषयलाई कसरी निरुपण गर्न सकिन्छ भन्ने दोस्रो प्रश्नको सम्बन्धमा विश्लेषण गर्नुपर्ने देखियो। मिति २०७३।३।२२ मा आठ महिनाको बच्चा आलोक बराललाई रुघाखोकी लागी घाँटीमा समस्या भएको कारण उपचारका लागि कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा उपचारको क्रममा राति अन्दाजी ११:३० बजे लगाई दिएको इन्जेक्सनको कारण बच्चाको दिशा पिसाब चुहिने तथा श्वास प्रश्वासमा समस्या भई स्वास्थ्य अवस्था गम्भीर हुँदा निज बच्चालाई रातिको दुई बजे अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालमा रिफर गरिएको पाइयो। पीडित बच्चाको बुबा ध्रुवकुमार विश्वकर्माले मिति २०७३।५।२४ मा आवश्यक छानबिन गरी पाउँ भनी कान्ति बाल अस्पताल, महाराजगञ्जमा निवेदन दिएको देखिन्छ। मिति २०७३।५।३१ मा बिरामी बच्चा आलोक बरालको बुबाले दिएको निवेदनउपर

अस्पतालले अध्ययन गरी प्रतिवेदन पेश गरेको देखिन्छ। उक्त प्रतिवेदनमा निवेदकले लगाएको आरोप गलत भएको र अस्पतालको गल्ती तथा कमजोरी नदेखिएकोले क्षतिपूर्तिको विषयवस्तु सान्दर्भिक देखिएन भनी उल्लेख गरिएको देखिन्छ। मिति २०७४।०१।०५ मा पाटन अस्पतालमा उपचार गराउने क्रममा बच्चाको स्वास्थ्यमा सुधार हुन नसक्ने भनी बच्चाको बुबाले जानकारी पाएको देखिन्छ। उक्त जानकारी पाएको २४ औं दिन अर्थात मिति २०७४।०१।२८ गते बच्चाका बुबा ध्रुवकुमार विश्वकर्माले जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंमा उजुरी दिएको पइयो।

४१. तत्कालीन उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ मा **"यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानि नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ता वा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी क्षतिपूर्ति समिति समक्ष त्यसरी हानि नोक्सानी पुगेको पैंतीस दिनभित्र उजूरी गर्न सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। पीडितका बुबा ध्रुवकुमार विश्वकर्माले पाटन अस्पतालबाट मिति २०७४।०१।०५ मा निज पीडित आलोक बरालको उपचार गराउने क्रममा बच्चाको स्वास्थ्यमा सुधार हुन नसक्ने भनी जानकारी पाएको २४ दिनभित्र जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंमा उजुरी दिएको देखिन्छ। यसै अदालतबाट **डा. दिनेशविक्रम शाह विरुद्ध भोजराज ऐर भएको क्षतिपूर्ति मुद्दा (ने.का.प.२०६६, अङ्क ११, नि.नं.८२६२)** मा **"डाक्टरले जाँची औषधी Prescribe गरेको दिन वा औषधी खाएको पहिलो दिनदेखि गणना गर्ने होइन, औषधी दिनहुँ खाएपछि लक्षण र असरहरु देखिन थालेको दिनबाट हदम्यादको गणना गर्नुपर्छ। ऐनको व्याख्या गर्दा Purposive व्याख्या गर्नुपर्छ, निरर्थक Frustrate हुने व्याख्या गर्नु नहुने, हानि नोक्सानी भएको कुरा जुनबेला जानकारी भयो सोही मितिलाई मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मिति मान्नुपर्ने, औषधी सेवनको कारणबाट उत्पन्न विवादमा अन्य मुद्दामा जस्तो औषधी खाएको पहिलो दिनबाट हदम्याद गणना गर्ने व्याख्या Absurd Interpretation हुन्छ। औषधी सेवनपछि क्रमशः असर गर्न थालेको जानकारी पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने ... हानि नोक्सानी भएको कुरा जुनबेला जानकारी भयो सोही मितिलाई मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको मिति मान्नुपर्ने। औषधी सेवनको कारणबाट उत्पन्न विवादमा अन्य मुद्दामा जस्तो औषधी खाएको पहिलो दिनबाट हदम्याद**

**गणना गर्न थालेको जानकारी पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने"** भनी चिकित्सकीय लापरवाहीका विषयमा हदम्यादको पालनासम्बन्धी व्याख्या भएको देखिन्छ।

४२. प्रस्तुत विवादमा कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा उपचार हुँदै गरेको पीडित बच्चालाई अर्को अस्पतालमा रिफर गरिएको दिन अर्थात मिति २०७३।३।२२ देखि निज बच्चाको बुबा निरन्तर उपचारमा रहेको देखिन्छ। सामान्यतया चिकित्सकीय लापरवाहीमा अन्य मुद्दाहरुमा जस्तो औषधी लगाएको वा खाएको मितिदेखि हदम्याद लाग्ने हुँदैन। यसै अदालतबाट भएको **वयोधा अस्पताल प्रा.लि. समेत विरुद्ध उच्च अदालत पाटनसमेत भएको उत्प्रेषणयुक्त परमादेशसमेत रिट निवेदन (०७९-WO-०१५९)** मा "**Medical Negligence जस्तो प्राविधिक विषयसँग सम्बन्धित सेवामा रोगको उपचार (Treatment) गर्ने बित्तिकै निको (Cure) हुन्छ वा परिणाम (Consequence) देखिन्छ भन्ने हुँदैन। उपचार र औषधीको प्रभावहरु सामान्यतया केही समय पश्चातमात्र देखिने र कुनै औषधोपचार केही समयसम्म निरन्तर रहन सक्ने हुँदा तोकिएको समय (Strict Time) भित्र नै उजुरी गर्न सकिन्छ भन्नु न्यायोचित पनि हुँदैन**" भनी चिकित्सकीय लापरवाही मुद्दामा हदम्यादको विषयलाई थप विस्तृत व्याख्या गरेको पाइन्छ।

४३. प्रचलित उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५० मा "यस ऐन विपरीत वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई शारीरिक, मानसिक, आर्थिक, भौतिक वा अन्य किसिमको हानि नोक्सानी हुन गएमा वा वस्तुको त्रुटिपूर्ण उत्पादनको कारणबाट क्षति पुग्न गएमा उपभोक्ता स्वयंले वा वस्तुको त्रुटिपूर्ण उत्पादनको कारणबाट क्षति पुग्न गएमा उपभोक्ता स्वयंले वा निजको तर्फबाट कुनै उपभोक्ता संस्थाले वा उपभोक्ता असक्षम भएमा वा निजको मृत्यु भइसकेको अवस्थामा त्यस्तो उपभोक्ताको हकवालाले त्यस्तो वस्तु वा सेवा उत्पादन, पैठारी, सञ्चय, ढुवानी, बिक्री वितरण वा प्रदान गर्ने जुन व्यक्तिको कारणबाट त्यस्तो हानि नोक्सानी भएको हो सोही व्यक्तिबाट क्षतिपूर्ति भराई पाउन अदालत समक्ष त्यसरी हानि नोक्सानी पुगेको मितिले छ महिनाभित्र उजुरी गर्न सक्नेछ" भन्ने व्यवस्था पाइन्छ। यसै अदालतबाट **वयोधा अस्पताल प्रा.लि.समेत विरुद्ध उच्च अदालत पाटनसमेत भएको उत्प्रेषणयुक्त परमादेशसमेत रिट निवेदन (०७९-WO-०१५९)** मा **"उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५० मा प्रयोग भएको शब्द "हानि नोक्सानी पुगेको" भनेको घटना घटेको वा**

**भए गरेको मिति नभई त्यसको असर पीडितलाई कहिले पुग्यो भन्ने हो। घटना घटेको दिनबाटै हदम्याद सुरु हुने भए विधायिकाबाट "भए गरेको" भन्ने शब्दावली नै प्रयोग हुनुपर्ने तर सो नभई ऐनमा "हानि नोक्सानी पुगेको" शब्दावलीको प्रयोग हुनुको विधायिकी मनसाय पीडितलाई असर पुगेको एकिन भएको मितिदेखि हदम्याद सुरु हुने भन्ने नै देखिन्छ"** भनी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५० मा प्रयोग भएको शब्दावलीको व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ। साविक उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २२ को कानूनी प्रावधानलाई हेर्दा सोमा "हानि नोक्सानी पुगेको ३५ दिनभित्र उजुरी गर्न सक्नेछ" भनी सोही शब्दावली अर्थात **"हानि नोक्सानी पुगेको"** प्रयोग गरी कानूनी व्यवस्था रहेको पाईन्छ। Discovery of Harm Rule तथा Doctrine of Tolling को सिद्धान्तबमोजिम पीडितउपर लापरवाही भएको र पीडितले सो लापरवाहीको आधिकारीक जानकारी प्राप्त गरेको बिचको समयमा हदम्यादको गणनालाई स्थगन गरिनुपर्ने पनि हुन्छ। स्वास्थ्यमा हानि नोक्सानी भएको थाहा पाउने बित्तिकै हदम्याद सुरू हुने नभई उपचारको क्रममा पीडितलाई त्यस्तो असर रहेको एकिन जानकारी प्राप्त हुन आएको पछिल्लो मितिलाई हदम्याद सुरू भएको मिति मान्नुपर्ने देखिन्छ[15] भन्ने यस अदालतबाट भएको व्याख्यालाई अन्यथा भन्नुपर्ने देखिदैन।

४४. प्रस्तुत विवादमा मिति २०७३।३।२२ मा बच्चा आलोक बराललाई कान्ति बाल अस्पतालको आकस्मिक कक्षमा उपचारको क्रममा राति अन्दाजी ११:३० बजे लगाई दिएको तेस्रो इन्जेक्सनको कारण बच्चाको दिशा पिसाब चुहिने तथा श्वास प्रश्वासमा समस्या भई स्वास्थ्य अवस्था गम्भीर हुँदा निज बच्चालाई रातिको दुई बजे अन्तर्राष्ट्रिय बालमैत्री अस्पतालमा रिफर गरिएको पाइयो। निज बच्चाको निरन्तर उपचार गराउने क्रममा बच्चाको स्वास्थ्यमा सुधार हुन नसक्ने भनी मिति २०७४।०१।०५ मा पाटन अस्पतालबाट बच्चाको बुबाले थाहा पाएको २४ औं दिनमा बच्चाका बुबा ध्रुवकुमार विश्वकर्माले जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंमा उजुरी दिएबाट पीडितलाई असर गरेको एकिन जानकारी प्राप्त हुन आएको पछिल्लो मिति अर्थात मिति २०७४।०१।०५ लाई हदम्याद सुरू भएको मिति मान्नु पर्ने देखिन आयो।

[15] वयोधा अस्पताल प्रा.लि.समेत विरुद्ध उच्च अदालत पाटनसमेत भएको उत्प्रेषणयुक्त परमादेशसमेत रिट निवेदन (०७९-WO-०१५९) फैसला मिति २०७९।०९।०७।

४५. यस्तो चिकित्सकीय लापरवाही वा हेलचक्रयाइँ (medical negligence) भएको अवस्थामा के, कसरी र कति क्षतिपूर्ति भराइन्छ भन्ने तेस्रो प्रश्नतर्फ विचार गर्दा, उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ मा "दफा २२ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजूरी उपर छानबिन गरी क्षतिपूर्ति समितिले उपभोक्तालाई हानि नोक्सानी पुग्न गएको ठहर गरेमा हानि नोक्सानीको आधारमा क्षतिपूर्तिबापतको रकम उपभोक्ता वा निजको हकवालालाई दिलाउने छ" भन्ने कानूनी व्यवस्था उल्लेख गरिएको पाइन्छ। प्रचलित उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५१ मा "यस ऐन विपरीत वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट घाइते भएमा उपचार खर्च, उपचार अवधिभर पारिवारिक स्थितिअनुसार दैनिक गुजाराका लागि आवश्यक पर्ने अन्तरिम राहत रकम र क्षतिपूर्तिको निमित्त परेको उजुरीउपर छानबिन गर्दा उपभोक्तालाई हानि नोक्सानी पुग्न गएको ठहर भएमा त्यस्तो हानि नोक्सानीको आधारमा सम्बन्धित उत्पादक, पैठारीकर्ता, सञ्चयकर्ता, ढुवानीकर्ता, वितरक वा बिक्रेताबाट क्षतिपूर्तिबापतको रकम उपभोक्ता वा निजको मृत्यु भइसकेको भए कानूनबमोजिमको हकवालाले पाउनेछ" भन्ने कानूनी व्यवस्था रहेको देखियो।

४६. मिति २०७३।०५।०३ मा पीडित बालक आलोक बरालको बुबा ध्रुवकुमार विश्वकर्माले कान्ति बाल अस्पतालमा उजुरी दिएपश्चात मिति २०७३।०५।३१ को अस्पताल आफैंले तयार गरेको प्रतिवेदनमा बच्चाको Child desaturation, child gasping and choking भई CPR दिएर मुटुको धड्कन ७७ प्रतिशत मात्र देखिएको भनी उल्लेख गरिएको पाइन्छ। मिति २०७४।०६।३१ मा जिल्ला जनस्वास्थ्य कार्यालय काठमाडौंको तर्फबाट डा. आयुष्मा रेग्मीको प्रतिवेदनमा Inj. Montaz को side effect हरु कुनै अवस्थामा श्वास प्रश्वास रोकिने तथा allergic reaction, rash, itchiness, fever, diarrhoe, leukopenia, pain at injection site, nausea, vomiting भन्ने उल्लेख भएबाट सो दिन बच्चालाई सास फेर्न गाह्रो हुनु, दिसा, पिसाब चुहिनु जस्ता लक्षणहरु देखिएको र सो लक्षणहरु Inj. Montaz को side effect को लक्षणसँग मिलेको पाइयो। यसरी **अस्पतालको लापरवाहीका कारण गलत औषधीको अधिक मात्रा (overdose) प्रयोग गरी आठ महिनाको बच्चाको ज्यान नै जान सक्ने गरी आजीवन शारीरिक तथा मानसिक लगायतका असर परेको देखिंदा निज पीडित बालकलाई अस्पतालबाट क्षतिपूर्ति भराई दिनु पर्ने अप्रत्यक्ष दायित्व (vicarious liability) सृजना भएको देखियो।** हानि

**नोक्सानीको आधारमा पीडितलाई क्षतिपूर्तिबापतको रकम उपभोक्ता वा निजको हकवालालाई दिलाउने व्यवस्था उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा २४ ले गरेको अवस्थामा पीडितलाई हानि नोक्सानी हुन गएकोमा त्यस्तो हानि नोक्सानीको उचित क्षतिपूर्ति (just or adequate compensation) एकिन गरी क्षतिपूर्ति निर्धारण गरी हकवालालाई भराई दिनुपर्ने देखियो।**

४७. अब तेस्रो प्रश्न अर्थात चिकित्सकीय लापरवाही भएको अवस्थामा पीडित बिरामी वा निजको हकवालालाई के कसरी क्षतिपूर्ति निर्धारण गरी भराउने भन्ने सम्बन्धमा हेर्दा प्रस्तुत मुद्दामा बिरामी बालक आलोक बरालको खुट्टा नचल्ने, कान नसुन्ने, आँखाको नसा सुकेर आँखा नदेखिने समस्या कहिल्यै निको नभई जीवनभर रहने अवस्थाको देखियो। यस्तो असरलाई समग्रमा रकमबाट क्षतिपूर्ति भराउन नसकिए तापनि बच्चा स्वयं र परिवारले बेहोर्नु परेको आर्थिक, सामाजिक, शारीरिक आदि क्षतिहरुको विश्लेषण गरी क्षतिपूर्ति भराउनु पर्ने देखियो। यसरी शारीरिक तथा मानसिकरुपमा अशक्त भएको आलोक बरालको सामान्य जीवन हुन नसकी आजीवन अरुको साहारामा जीवन बिताउनु पर्ने देखियो। बच्चाको स्वास्थ उपचारमा लागेको खर्च, भोग्नु परेको पीडा र कष्ट, व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास, भविष्यमा उपचार गराउन लाग्ने अनुमानित खर्च तथा औषधी खर्च जस्ता कुराहरुलाई ध्यानमा राखेर पर्याप्त क्षतिपूर्ति भराउनु पर्ने देखिन्छ।

४८. चिकित्सकिय लापरवाही (medical negligence) का सम्बन्धमा तुलनात्मक अभ्यासलाई हेर्दा, भारतमा V. Krishnakumar Vs. State of Tamil Nadu & Ors [2015 Latest Caselaw 418 SC] को मुद्दामा त्यहाँको सर्वोच्च अदालतले "The principle of restitution in integrum provides that a person entitled to damages should, as nearly as possible, get that sum of money which would put him in the same position as he would have been in if he had not sustained the wrong. (see Livingstone v. Rawyards Coal Co.)." An application of this principle is that the aggrieved person should get that sum of money, which would put him in the same position if he had not sustained the wrong. It must necessarily result in compensating the aggrieved person for the financial loss suffered due to the event, the pain and suffering undergone and the liability that he/she would have to incur due to the disability caused by the event भन्ने उल्लेख गरी फैसला भएको पाइन्छ।

४९. तत्काल प्रचलित उपभोक्ता संरक्षण ऐन, २०५४ ले हानि नोक्सानीका आधारमा क्षतिपूर्ति भराउने उल्लेख गरेको तर क्षतिपूर्ति निर्धारणको विषयमा कुनै मापदण्ड

उल्लेख गरेको देखिंदैन। प्रचलित उपभोक्ता संरक्षण ऐन, २०७५को दफा ५२ मा क्षतिपूर्ति निर्धारणको मापदण्डका विषयमा उल्लेख गरिएको देखिन्छ। उक्त दफा ५२ मा "क्षतिपर्तिको मापदण्ड निर्धारण गर्ने अदालतले दफा ५१ बमोजिम क्षतिपूर्तिबापत उपभोक्ताले पाउने रकम निर्धारण गर्दा देहायका कुरालाई ध्यानमा राखी निर्धारण गर्नु पर्नेछः क) पीडित व्यक्तिलाई पर्न गएको शारीरिक वा मानसिक कष्ट वा पीडा र त्यसको गम्भीरता, ख) उपचार हुन सक्ने किसिमको क्षति भएकोमा उपचार गराउन लाग्ने अनुमानित खर्च, ग) शारीरिक वा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास, घ) उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दायित्व, ङ) पीडितको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यको सङ्ख्या र निजहरुको जीविकोपार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च, च) पीडित व्यक्तिले दावी गरेका कुरामध्ये उचित र उपयुक्त देखिएका अन्य कुरा, छ) उत्पादककर्ता, पैठारीकर्ता, सञ्चयकर्ता, बिक्रेता एवं सेवा प्रदायकको आर्थिक तथा व्यवसायको स्थिति।" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यो कानूनी व्यवस्था प्रस्तुत मुद्दामा सिधै आकर्षित नहुने भए तापनि पुरानो ऐन खारेज भई आएको नयाँ ऐनमा थप गरिएका प्रावधानहरुलाई विकसित भएको कानूनको रुपमा लिई क्षतिपूर्तिका आधार तयार गर्न नसकिने भन्न मिल्ने देखिंदैन।

५०. त्यस्तै उपभोक्ता संरक्षण नियमावली, २०७६ को नियम ३३ मा "ऐनको दफा ५२ बमोजिम अदालतले क्षतिपूर्ति रकम निर्धारण गर्दा हानि नोक्सानी र क्षतिबापत पीडित पक्षले प्रचलित कानूनबमोजिम गरेको बीमाबापत कुनै रकम प्राप्त गरेको वा नगरेको, त्यस्तो रकम प्राप्त गर्न सक्ने अवस्था भएको वा नभएको र निजलाई हानि नोक्सानी वा क्षतिबापत कुनै सरकारी वा गैरसरकारी निकायबाट कुनै सेवा सुविधा प्राप्त भएको वा नभएको सम्बन्धमा समेत विचार गर्नु पर्नेछ" भनी उल्लेख भएको पाइन्छ।

५१. अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा १९(१) मा क्षतिपूर्ति तथा सामाजिक पुनःस्थापनाको आधिकारमा पीडितलाई पुगेको क्षतिबापत यस ऐनबमोजिम क्षतिपूर्ति पाउने कुरालाई अधिकारको रुपमा सुनिश्चित गरेको छ भने सोही ऐनको दफा ३१ मा "अदालतले पीडितलाई उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा देहायको कुनै वा सबै विषयलाई आधार लिन सक्नेछः (क) पीडितले व्यहोर्नु परेको वा पर्ने

चिकित्सकीय, मनोवैज्ञानिक र मनोचिकित्सकीय परामर्शबापत मनासिब खर्च, (ख) पीडितले व्यहोर्नु परेको वा पर्ने औषधोपचार खर्च, (ग) पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च, (घ) पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च, (ङ) कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति, (च) पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति, ... (ज) कसूरको प्रत्यक्ष परिणामस्वरुप पीडितको गुमेको वा क्षति पुगेको आय आर्जन क्षमता, (झ) पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर, (ञ) पीडितको शारीरिक, बौद्धिक, यौन वा प्रजनन क्षमतामा भएको क्षति, ... (ण) पीडितले व्यहोर्नु परेको मानसिक वा भावनात्मक क्षति, (त) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार, (थ) विशेष अवस्था आकर्षित हुने पीडितका हकमा थप कसूरबाट प्रथमस्तरको पीडितलाई बचाउने असल नियतले पीडितले गरेको मनासिब खर्च," भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यस ऐन अन्तर्गत उल्लेख भएका क्षतिपूर्तिको आधारहरु अपराध पिडितका हकमा क्षतिपूर्ति निर्धारण गर्दा लागु हुने भए तापनि पछिल्लो समयमा क्षतिपूर्तिमा निर्धारणका आधारहरु कसरी कानूनमा नै निर्धारित गरिएका छन् भन्ने कुराको अदालतले दृष्टान्त लिन नसक्ने देखिंदैन।

५२. यसै सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग (उजूरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २२ मा "क्षतिपूर्ति निर्धारणका आधारः आयोगले नियम १८(२) बमोजिम पीडितलाई क्षतिपूर्ति भराउने निर्णय/सिफारिस गर्दा देहायका कुराहरूलाई समेत आधार लिनु पर्नेछः- क) पीडितलाई भएको शारीरिक घाउ चोट र वास्तविक उपचार खर्चको अवस्था, ख) मानसिक पीडा, यातना, ग) सामाजिक मर्यादा, घ) पीडितको शारीरिक, मानसिक र आर्थिक अवस्था, ङ) पीडकको चरित्र, च) मानव अधिकार उल्लङ्घनको घटनामा यसअघि संलग्न रहे नरहेको, छ) पीडकको आर्थिक अवस्था" भन्ने कानूनी व्यवस्था उल्लेख भएको पाइन्छ। यसरी प्रस्तुत मुद्दाको कारण सृजना हुनु भन्दाको अगाडिको मानव अधिकार उल्लंघनका घटनामा आकर्षित हुने क्षतिपूर्तिका आधार तथा अपराध पीडित संरक्षण ऐन, २०७५, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा त्यस्को नियमावली २०७६ अन्तर्गत विकसित भएका क्षतिपूर्ति निर्धारणका आधारहरुबाट तथा मुलत उपभोक्ता सरक्षण ऐन, २०७५ को दफा ५२ द्वारा निश्चित

अवस्था र नियमावलीको नियम ३३को अवस्था विद्यमान भए नभएको हेरी चिकित्सकिय लापरवाहीको पीडितलाई भराउने क्षतिपूर्तिका मापदण्डहरु निषृत गर्न सकिने नै देखियो।

५३. तुलनात्मक अदालती अभ्यासलाई हेर्दा चिकित्सकीय लापरवाही (medical negligence) मा क्षतिपूर्ति निर्धारणका आधारका सम्बन्धमा भारतमा त्यहाँको सर्वोच्च अदालतले Balram Prasad vs. Kunal Saha, (2014) 1 SCC 384 को मुद्दामा पर्याप्त क्षतिपूर्ति सम्बन्धमा निर्देशन दिएको पाइन्छ। उक्त मुद्दामा निवेदक Dr. Kunal Sahan ले विपक्षी AMRI Hospital र उपचारमा संलग्न डाक्टरहरुको लापरवाहीको कारणले आफ्नी श्रीमती Anuradha Sahas को मृत्यु भएको भन्दै क्षतिपूर्तिको माग गर्दै National Consumer Dispute Redressal Commission मा निवेदन दिई निर्णय हुँदा उक्त निर्णयउपर पुनरावेदन परी त्यहाँको सर्वोच्च अदालतसम्म पुग्दा National Consumer Dispute Redressal Commission को निर्णयमा AMRI Hospital र उपचारमा संलग्न डाक्टरहरुको लापरवाहीको कारण निवेदकको श्रीमतीको मृत्यु भएको हो भनी उल्लेख गरे तापनि क्षतिपूर्ति निर्धारण गर्दा निश्चित आधारहरुलाई विचार नै नगरेको कारण न्यायपूर्ण क्षतिपूर्ति (just compensation) प्रदान गर्न पूर्णरुपमा असफल भएको भनी उल्लेख गरेको पाइन्छ। उक्त मुद्दामा अन्य विभिन्न आधारका साथै मृतक Anuradha Sahas र निजको श्रीमान् Dr. Kunal Sahan दुवै अमेरिकाको नागरिक भएको र अमेरिकामा नै बसोबास गर्ने भएकाले अमेरिकाको जीवनस्तर र आयलाई आधार मानी क्षतिपूर्ति निर्धारण गर्नु पर्ने भनी फैसलामा उल्लेख भएको पाइन्छ।

५४. त्यस्तै भारतको सर्वोच्च अदालतले V. Krishnakumar Vs. State of Tamil Nadu & Ors [2015 Latest Caselaw 418 SC] को मुद्दामा चिकित्सकीय लापरवाहीको क्षतिपूर्तिका आधारहरु उल्लेख गरिएको पाईन्छ। जसमा (a) Past Medical Expenses (b) Future Medical Expenses (c) Apportioning For Inflation (d) Apportionment of Liability. अर्थात (क) विगतको चिकित्सा खर्च, (ख) भविष्यको चिकित्सा खर्च, (ग) मुद्रास्फीतिको अवस्था, (घ) दायित्वको बाँडफाँड जस्ता मापदण्डहरु अनुसार वास्तविक क्षतिपूर्ति निर्धारण गर्नु पर्ने उल्लेख गरिएको पाइन्छ।

५५. उल्लिखित तुलानात्मक अन्तरदेशीय व्याख्या तथा हाम्रो कानूनी व्यवस्थाका प्रावधान र मापदण्डसमेतलाई हेर्दा वस्तुतः चिकित्सकिय लापरवाही तथा हेलचक्र्याइँका सम्बन्धमा पीडितलाई क्षतिपूर्ति भराउँदा न्यायपूर्ण र पर्याप्त (just and adequate) रुपमा

भराउनुपर्ने देखियो। साथै क्षतिपूर्ति निर्धारण गर्दा (क) पिडितलाई पर्न गएको शारीरिक मानसिक मनोवैज्ञानिक कष्ट वा त्यसको गम्भीरता, (ख) पीडितले व्यहोर्नु परेको वा उपचार गराउन लाग्ने अनुमानित खर्च (past medical expenses and future medical expenses), (ग) पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च, (घ) पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च, (ङ) पीडित र पीडितको परिवारले व्यहोर्नु परेको वा व्यहोर्नु पर्ने आर्थिक क्षति ,(च) शारीरिक तथा मानसिक क्षतिको कारण पीडित व्यक्तिको आय आर्जन गर्ने क्षमतामा हुन गएको ह्रास, (छ) पीडितको शारीरिक सौन्दर्यमा परेको प्रतिकूल असर (ज) पीडितको व्यहोर्नु परेको शारीरिक, मानसिक बौद्धिक तथा भावनात्मक क्षति, (झ) उपचार हुन नसक्ने किसिमको पीडितको मृत्यु भएकोमा निजको आम्दानीमा आश्रित निजको परिवारका सदस्यको संख्या र निजहरुको जिविकापार्जनको निमित्त आवश्यक पर्ने न्यूनतम खर्च तथा मानसिक क्षति पुगेकोमा पीडित व्यक्तिको उमेर र निजको पारिवारिक दाहित्व, (ञ) क्षतिको प्रकृति र प्रभाव अनुसारको अन्य उपयुक्त आधार, (ट) पीडितले दावी गरेका कुराहरुमध्ये उचित र उपयुक्त देखिएको अन्य कुराहरु जस्ता आधारहरु मध्य सम्बन्धित मुद्दामा के, कस्तो अवस्था विद्यमान छ भन्ने हेरी निश्चित आधार र मापदण्डलाई विचार गरी उचित क्षतिपूर्तिको निर्णयमा पुग्नु पर्ने देखियो। यस प्रसङ्गमा माथि विभिन्न प्रकरणहरुमा उल्लिखित क्षतिपूर्ति निर्धारणका तुलानात्मक अन्तरदेशीय व्याख्या तथा हाम्रो कानूनी व्यवस्थाका प्रावधान र मापदण्डहरुलाई समेत आधारमा लिंदा प्रस्तुत मुद्दामा पीडित आठ महिनाको बिरामी बच्चाको उपचारको सिलसिलामा लापरवाहीपूर्वक गलत औषधी प्रयोग भई निजको शारीरिक, मानसिक स्वास्थ्यमा गम्भीर असर पर्न गई जीवनभर निको नहुने गरी दिर्घरोगी भई अरुको साहारामा बाँच्नु पर्ने अवस्थामा रहेको देखिंदा यस मुद्दाका पीडित आलोक बरालले पाउने उचित र न्यायपूर्ण क्षतिपूर्ति प्रस्तुत मुद्दामा भएको पीडितको अवस्था र पर्न गएको क्षतिको आधारमा उचित क्षतिपूर्ति निर्धारण गर्नु पर्ने देखियो।

५६. **चिकित्सकीय लापरवाहीको प्रत्येक घटनापिच्छे लापरवाहीको अवस्था र पीडितलाई पुग्न गएको क्षति बिचको समानुपातिकता हेरी निर्णय लिनुपर्ने भएकाले प्रस्तुत मुद्दामा उचित क्षतिपूर्ति निर्धारण गर्दा पीडित र निजको परिवारले व्यहोर्नु परेको वा भविष्यमा व्यहोर्नु पर्ने उपचारमा लाग्ने चिकित्सा खर्च, औषधोपचारको खर्च, पीडितको आर्थिक अवस्था र**

**क्षति, पीडित र निजको परिवारलाई पर्न गएको शारीरिक, मानसिक, भावनात्मक तथा जिवनको क्षति, जिविकोपार्जनको न्यूनतम खर्च, पीडितले व्यहोर्नु परेको कानून व्यवसायीको खर्च, उपचार हुन नसक्ने अवस्थाले सृजना गरेको क्षति, पीडितको उमेर र निजलाई हेरचार गर्नुपर्ने पारिवारिक दायित्व र सेवा प्रदायक अस्पतालको आर्थिक तथा व्यावसायिक स्थितिलाई समेत हेर्नुपर्ने देखियो।**

५७. अब चौथो प्रश्न अर्थात उच्च अदालत पाटनबाट भएको फैसला मिलेको छ, छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन ? भन्ने प्रश्नका सन्दर्भमा विचार गर्दा, **प्रा.डा. बुलन्द थापा विरूद्ध सुष्मा थापा भएको क्षतिपूर्ति मुद्दा (ने.का.प.२०७४, अंक ५, नि.नं. ९८१४)** मा "चिकित्सकले गलत सेवा प्रदान गरेको वा लापरवाहीपूर्ण कार्य गरेको कारणबाट उपभोक्तालाई असर वा हानि नोक्सानी पुग्न गएको अवस्थामा क्षतिपूर्ति पाउनु पीडित उपभोक्ताको कानूनी अधिकार पनि हो। केही चिकित्सकको लापरवाही र गलत उपचारको कारणले चिकित्सा सेवाप्रति पर्न गएको नकारात्मक सोचलाई नजरअन्दाज गर्नसमेत सकिंदैन। कुनै चिकित्सकले लापरवाही तथा गलत सेवा प्रदान गरी उपभोक्तालाई क्षति पुग्न गएको अवस्थामा क्षतिपूर्ति भराउने कानूनी व्यवस्थासहित साविकमा भएको उपभोक्ता हकको व्यवस्था र सो अनुसार नयाँ उपभोक्ता संरक्षण ऐनसमेत जारी भएको पाइन्छ। सोही उपभोक्ता संरक्षण ऐनअनुसार क्षतिपूर्तितर्फ दावी लिएको अवस्थालाई न्यायोचित रूपबाट हेरिनु पर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत मुद्दामा कान्ति बाल अस्पतालको लापरवाहीका कारण आठ महिनाको बच्चा आलोक बरालको स्वास्थमा गम्भीर असर पर्न गई निज बच्चा दिर्घरोगी हुन पुगेबाट निजको परिवारले भोग्नु परेको शारीरिक, मानसिक र आर्थिक क्षतिउपर उपभोक्ता संरक्षण ऐनअनुसार कान्ति बाल अस्पतालबाट क्षतिपूर्तिको दावी लिएको अवस्था कानूनसंगत नै देखियो।

५८. प्रत्येक चिकित्सकले आफूले उपचार गर्ने बिरामीलाई उपचारको क्रममा रोगको निदान सहि तरिकाले एकिन गरेर उपयुक्त उपचारको लागि सिफारिस गर्ने औषधी र शल्यक्रिया गर्नु पर्ने भए त्यसबाट हुन सक्ने असरहरु र अपनाउनु पर्ने सतर्कताको बारेमा उपचार प्रारम्भ गर्नुपूर्व जानकारी गरी विस्तृतरुपमा बताउनु पर्ने कर्तव्य हुन्छ। यस्तो जानकारी प्राप्त गरेपछि बिरामीको सुसूचित सहमति (informed consent) लिएर मात्र उपचारका

विधिहरु सुरु गर्नुपर्छ भन्ने मान्यता र अभ्यास रही आएको छ।[16] पीडित बच्चा आलोक बरालको कान्ति बाल अस्पतालमा भई रहेको उपचार विधि स्पष्ट नदेखिएको मञ्जुरी लिएको नदेखिएको र एउटा बिरामीलाई दिनु पर्ने औषधी अर्को बिरामीलाई दिई चरम लापरवाही गरेको देखिएको साथै त्यस्तो कार्यको परिणामस्वरुप बच्चालाई सास फेर्न गाह्रो भएको, दिसा, पिसाब चुहिएको जस्ता लक्षणहरु डा. आयुष्मा रेग्मीको प्रतिवेदनमा उल्लेख गरेबमोजिमको Inj. Montaz IV को side effect सँग मिलेको देखिन्छ। उपचारका क्रममा बच्चालाई मुखबाट पम्प र सि.पि.आर. दिएर ७७ प्रतिशत मात्र मुटुको धड्कन देखाएबाट उक्त औषधीले बच्चामा गम्भीर असर पर्न गएकोमा दुष्कृतिपूर्ण दायित्व सृजना भई चिकित्सकीय लापरवाही भएको र उपभोक्ता संरक्षण कानूनअन्तर्गत कारवाहीस्वरुप क्षतिपूर्ति भराउनु पर्ने अवस्था देखियो।

५९. अस्पताल तथा डाक्टर दुवैले उपलब्ध भएसम्मको औजार र प्रविधिबाट बिरामीको With due diligence उपचार गर्नु पर्ने कानूनी कर्तव्य हो। प्रत्येक बिरामीलाई Right against medical negligence को हक प्राप्त भएको अवस्थामा र Proven Medical Negligence मा Right to adequate compensation को हक पनि उपभोक्ता संरक्षण ऐनले स्वीकार गरेको अवस्थामा अस्पतालको लापरवाहीपूर्ण सेवाको कारण नबालक आलोक बरालको शरीरको विभिन्न अङ्गको शक्ति क्षीण भई अपूरणिय क्षति पुग्न गएको अवस्थामा तत्काल प्रचलित उपभोक्ता संरक्षण ऐन, २०५४ मा पीडितलाई भराउने क्षतिपूर्तिको मापदण्ड उल्लेख भएको नदेखिए तापनि नेपाली कानूनी प्रणालीका विकसित क्षतिपूर्तिका आधार र प्रचलित उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ५२ मा उल्लिखित क्षतिपूर्ति निर्धारण मापदण्डहरु तथा विभिन्न अदातलबाट प्रतिपादित क्षतिपूर्ति निर्धारण गर्ने आधारहरु मै निहित रही क्षतिपूर्ति निर्धारण गर्नुपर्ने देखियो।

६०. चिकित्सकीय दायित्वमा पीडितलाई उचित तथा पर्याप्त क्षतिपूर्ति भराउने सम्बन्धमा प्रत्येक मुद्दाको परिस्थितिले पीडित र परिवारलाई फरक रुपमा प्रभाव पर्ने हुन्छ। आठ महिनाको बच्चालाई लापरवाहीपूर्वक गलत औषधी अत्याधिक मात्रामा (overdose) दिई बच्चाको खुट्टा नचल्ने, कान नसुन्ने, आँखाको नसा सुकेर आँखा नदेखिने गरी अचेत र निष्कृय जीवन बिताउनु पर्ने अवस्थामा यस्तो चिकित्सकिय लापवाहीको कारण आठ महिनाको बालकले जीवनभर शारीरिक र मानसिक पीडा (physical and mental loss)

[16] दुष्कृति कानून (सिद्धान्त र अभ्यास) डा. नारायण घिमिरे पृष्ठ ८९

तथा कष्ट भोग्नुपर्ने देखिन्छ। पीडित बालकको शारीरिक, बौद्धिक क्षमतामा भएको क्षति र सो क्षतिका कारण पीडित बालकको परिवारमा पर्न गएको मानसिक, भावनात्मक तथा जीवनमा पर्न गएको क्षति, पीडित बालकको परिवार ज्याला मजदुरीमा आश्रित विपन्न आर्थिक स्थिति तथा बालकलाई अस्पतालमा उपचार गराउने क्रममा लागेको चिकित्साको खर्च, औषधी उपचारको खर्च, अप्रत्यासित यातायात खर्च तथा अन्य खर्चहरुले निजहरुको परिवारमा ठूलो आर्थिक (economic loss) र मानसिक भार थपेको देखिन्छ। त्यसै गरी चार जनाको सदस्य रहेको परिवारमा पीडित बालकको आमा बुबाले ज्याला मजदुरी गरी जिविकोपार्जन गर्दै आएकोमा बालक आलोक बराल शारीरिक तथा मानसिकरुपमा अपाङ्ग भएपछि निजकी श्रीमती बिरामी छोराको स्याहार सुसारमा नै रात दिन खटिनु पर्ने भई निजहरुको जिविकोपार्जनको आधारमा समेत क्षति (loss of earning) पुगेको देखिन्छ। यसका बाबजुद कानून व्यवसायीको लागि लागेको खर्च तथा अन्य मानसिक र भावनात्मक क्षतिहरु विद्यमान भएको देखिन्छ। तसर्थ प्रस्तुत मुद्दामा पीडित बच्चालाई पुगेको क्षतिबापत उपलब्ध गराइने क्षतिपूर्तिको रकम निर्धारण गर्दा **पीडित र पीडितको परिवारले व्यहोर्नु परेको वा भविष्यमा व्यहोर्नु पर्ने चिकित्सकीय, खर्च, यातायात लगायत अन्य अप्रत्यासित खर्च, कानून व्यवसायीको खर्च, निजहरुको आर्थिक अवस्था, परिवारको जीवनस्तर अनुसारको गुमेको आय, पीडितको व्यक्तिगत क्षमतामा पुगेको क्षति, उपचार हुन नसक्ने किसिमको शारीरिक वा मानसिक क्षति, पीडितको उमेर र निजलाई हेरचार गर्नुपर्ने पारिवारिक दायित्व तथा सेवा प्रदायक अस्पतालको आर्थिक तथा व्यावसायिक स्थिति आदि जस्ता मापदण्डहरुलाई ध्यानमा राखि क्षतिपूर्ति निर्धारण गर्नु पर्नेमा दावी गरिएको रकमभन्दा निकै नै न्यून रकम क्षतिपूर्तिको रुपमा उल्लेख भएको देखिंदा यसमा भएको लापरवाहीको स्तर, पीडित र निजको परिवारको अवस्था तथा अस्पतालसमेतको दायित्वलाई समानुपातिकरुपमा हेर्दा उच्च अदालत पाटनबाट भएको फैसलामा उल्लिखित क्षतिपूर्तिको रकमको हदसम्म न्यायसंगत देखिन आएन।**

६१. तसर्थ, माथि विवेचित आधार, प्रमाण र कारणबाट कान्ति बाल अस्पतालको चिकित्सकीय असावधानीको कारणले पीडित आठ महिनाको बच्चा आलोक बरालको स्वास्थ्यमा गम्भीर असर परेको पुष्टि हुन आएको देखिएकोले उक्त पीडित बच्चाको बुबा पुनरावेदक ध्रुवकुमार विश्वकर्मालाई क्षतिपूर्तिस्वरुप कान्ति बाल अस्पतालको तर्फबाट एकमुष्ट

रु.१५,००,०००।- भराई दिने भनी सुरु क्षतिपूर्ति समिति, काठमाडौंबाट भएको निर्णय सुरु सदर ठहऱ्याएको उच्च अदालत पाटनबाट मिति २०७६।०२।१० मा भएको फैसला क्षतिपूर्तिको हदसम्म नमिलेको हुँदा केही उल्टि भई कान्ति बाल अस्पतालबाट क्षतिपूर्तिस्वरुप एकमुष्ट रु.३०,००,०००।- (तीसलाख रुपैयाँ) भराई दिने ठहर्छ। उच्च अदालत पाटनको फैसला बदर गरी निवेदकको माग दावीबमोजिम एकमुष्ट रु.५४,६३,७५३।- एवं भरिभराउ हुँदासम्मको १० प्रतिशत ब्याजसमेत पाउँ भन्ने पुनरावेदकको पुनरावेदन जिकिर सो हदसम्म पुग्न सक्दैन। अरुमा तपसीलबमोजिम गर्नू।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा उल्लेख भएबमोजिम उच्च अदालत पाटनबाट मिति २०७६।०२।१० मा भएको फैसला केही उल्टि भई पीडित बालक आलोक बरालको बुबा पुनरावेदक ध्रुवकुमार विश्वकर्माले प्रत्यर्थी कान्ति बाल अस्पताल महाराजगञ्ज, काठमाडौंबाट क्षतिपूर्तिस्वरुप एकमुष्ट रकम रु.३०,००,०००।- (तीसलाख रुपैयाँ) भराई पाउने ठहरेकोले उक्त रकम निज पुनरावेदक ध्रुवकुमार विश्वकर्मालाई भराइ दिनु भनी यो फैसलाको प्रमाणितप्रति साथै राखी कान्ति बाल अस्पताल महाराजगञ्ज, काठमाडौंमा लेखी पठाउनु भनी जिल्ला क्षतिपूर्ति समिति, काठमाडौंमा लेखी पठाउनू।

२. सरोकारवालालाई प्रतिलिपि उपलब्ध गराउनू। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गर्नू र मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू ।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(तिलप्रसाद श्रेष्ठ)
न्यायाधीश

इजलास अधिकृतः अनु याकामी / लक्ष्मी राना
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७९ साल माघ २५ गते रोज ४ शुभम्.......................................।